का.जि.प्र.का.द.नं. १००/०५९/६०
२६ चैत २०८१,
मंगलबार
8 April, 2025
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ६५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

## मध्यवर्ती क्षेत्रमा सन्त्रास

# विस्थापित हुँदै बस्ती

*राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र मध्यवर्ती क्षेत्रका बोटे, माझी, चेपाङ, मुसहरलगायतका स्थानीय आदिवासी तथा सुकुम्वासी समुदायका परम्परागत पेसा अँगाल्न निकुञ्जको प्रतिबन्धले असम्भव भएको छ*



*मध्यवर्ती क्षेत्रमा हुने मानिस, वन्यजन्तु र वनका कर्मचारीबीच हुने संघर्ष रोक्न र मध्यवर्ती क्षेत्रको पुनः सीमांकन गर्न आवश्यक छ*

**■ विमला सुवेदी**
*सभापति, कानुन, न्याय तथा मानवअधिकार समिति*




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ चैत ।

मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने मानिसहरूको मानवअधिकार उल्लंघन बढ्दो छ। यस्तो निष्कर्षसहित संसदीय समिति स्थलगत अनुगमनमा जाने भएको छ । प्रतिनिधिसभाअन्तर्गतको कानुन, न्याय तथा मानवअधिकार समिति स्थलगत अनुगमनमा जान लागेको हो ।

यस सम्बन्धमा सोमबार सिंहदरबारस्थित सभाकक्षमा समितिका सदस्यहरूबीच छलफल भएको छ ।

छलफलपश्चात् संसदीय समिति विभिन्न निकुञ्जअन्तर्गतको मध्यवर्ती क्षेत्रको ४ किल्लाभित्र बसोवास गर्ने मानिसहरूको मानवअधिकारको अवस्थाबारे अध्ययन गर्न ४ समूह बनाएर स्थलगत अनुगमनमा जाने निर्णयमा पुगेको छ ।

समितिले ढोरपाटन सिकार आरक्ष, बर्दिया राष्ट्रिय निकुञ्ज, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, चितवन राष्ट्रिय निकुञ्ज, पर्सा राष्ट्रिय निकुञ्ज र कोशी टप्पु वन्यजन्तु आरक्षअन्तर्गतको मध्यवर्ती क्षेत्रको ४ किल्लाभित्र बसोवास गर्ने मानिसहरूको मानवअधिकारको अवस्थाबारे अध्ययन गर्न लागेको हो ।

ढोरपाटन सिकार आरक्षअन्तर्गतको मध्यवर्ती क्षेत्रको ४ किल्लाभित्र बसोवास गर्ने मानिसहरूको मानवअधिकारको अवस्थाबारे अध्ययन गर्न सभापति विमला सुवेदीसहित सांसदहरू जीवन परियार, पूर्णबहादुर घर्ती, महेशकुमार बर्तौला, शेरबहादुर कुँवर, नैनकला थापा र सन्तोष परियारलाई जिम्मेवारी दिइएको छ ।


बर्दिया राष्ट्रिय निकुञ्ज तथा शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबारे अध्ययन गर्न सांसदहरू विमला सुवेदी, ध्रुवबहादुर प्रधान, सन्तोष परियार, सोविता गौतम र सुहाङ नेम्बाङलाई जिम्मेवारी दिइएको छ ।

चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय निकुञ्जअन्तर्गतको मध्यवर्ती क्षेत्रको अवस्थाबारे स्थलगत अध्ययन गर्न सांसदहरू रामकुमार राई, सुशीला थिङ, चन्द्रबहादुर विश्वकर्मा, गोमा सापकोटा र रञ्जुकुमारी झालाई जिम्मेवारी दिइएको छ ।

कोशी टप्पु आरक्षको मध्यवर्ती क्षेत्रको अवस्थाबारे स्थलगत अध्ययन गर्न सभापति सुवेदीसहित सांसदहरू नागिना यादव, पुष्पबहादुर शाह, शेरबहादुर देउवा, सुनिलकुमार शर्मा र प्रतीक्षा तिवारीलाई जिम्मेवारी दिइएको छ । स्थलगत अध्ययनमा जाने टोलीहरूले सुझावसहितको प्रतिवेदन समिति समक्ष बुझाउने छन् ।

समितिका सभापति सुवेदी मध्यवर्ती क्षेत्रमा हुने मानिस, वन्यजन्तु र वनका कर्मचारीबीच हुने संघर्ष समस्याका रूपमा देखापरेको बताउँछिन् । परिणाममा मध्यवर्ती क्षेत्रमा बसोवास गर्ने >>> पृष्ठ २ मा

# हिन्दु राष्ट्रको उल्झनमा कांग्रेस






**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २५ चैत ।

वर्तमान संविधानको प्रारम्भमै 'धर्मनिरपेक्ष लोकतान्त्रिक गणतन्त्रात्मक राज्य' लेखेको संसद्को सबैभन्दा ठूलो दल नेपाली कांग्रेसभित्र यतिबेला हिन्दु धर्म सापेक्ष राष्ट्रको बहस चर्किएको छ ।

२३ असोज २०७१ मा पहिलो पटक सार्वजनिक रूपमा हिन्दु राष्ट्र निर्माणको अभियान चलाए पनि संविधान निर्माणमा यो विषयलाई प्रवेश गराउन नसकेका कांग्रेस नेताहरूले संविधान संशोधनको बहससँगै हिन्दु राष्ट्रको एजेन्डालाई सशक्त बनाएका हुन् ।

नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषणा गरेर तत्कालीन प्रधानमन्त्री एवं कांग्रेस सभापति स्व. गिरिजाप्रसाद कोइरालाले भूल गरेको हिन्दु राष्ट्र पक्षधर नेताहरूले बताएका छन् । नेकपा माओवादीको १० वर्षे सशस्त्र द्वन्द्वपछि विस्तृत शान्ति सम्झौतामा धर्मनिरपेक्ष राष्ट्र घोषणा गरिएको थियो ।

सोही कुरालाई संविधानमा समेट्ने विषयमा त्यसबेला पनि कांग्रेस, राप्रपासहितका धेरै सभासद्हरू सहमत नभएको बताउँछन् । यद्यपि, ठूला दलका शीर्ष नेताहरूका अगाडि संविधानसभाका सभासद्हरूको केही नलागेको तत्कालीन सभासद्हरूले टिप्पणी गरे ।

अधिकांश सभासद्हरूको असहमति हुँदाहुँदै पनि दलका शीर्ष नेताहरू र केही विदेशी शक्तिको आडमा जबरजस्त संविधानमा धर्मनिरपेक्ष राखिएको नेपाली कांग्रेसका तत्कालीन सभासद् एवं पार्टी केन्द्रीय सदस्य शंकर भण्डारीले बताए । संविधानको प्रारम्भमै 'नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो' भन्ने वाक्यांश उल्लेख छ ।

*विश्वको एक मात्र हिन्दु राज्य नेपाल हो भनेर विश्वसामु चिनाउन र नेपालमा धार्मिक पर्यटनको हब बनाएर मुलुकलाई आर्थिक उन्नतितर्फ लैजान सकिने नेताहरूको दाबी*

संविधान संशोधनीय भएकाले अहिलेको परिस्थिति र नेपाली नागरिकको चाहना हिन्दु राष्ट्र भएको भण्डारीले दाबी गरे। उनले भने, 'नेपालका ८० प्रतिशत ॐकार परिवारको चाहनालाई नेताहरूले बुझ्नुपर्छ । संविधान निर्माणका क्रममा जनताले दिएको राय बोरामा बन्द गरेर संविधान जारी गरियो । त्यतिबेला ८० प्रतिशतभन्दा बढी जनताले हिन्दु राष्ट्र हुनुपर्छ भनेका थिए । कसैले हिन्दु राष्ट्रलाई हटाऊ भनेको अवस्था थिएन ।'

७ माघ २०८० मा ललितपुरको गोदावरीमा भएको कांग्रेस महासमिति बैठकमा भण्डारीसहित २२ जना केन्द्रीय र १ हजार १८ जना महासमिति सदस्यले हिन्दु राष्ट्रको एजेन्डा प्रवेश गराएका थिए। पार्टीलाई धार्मिक स्वतन्त्रतासहितको वैदिक सनातन हिन्दु धर्मको पक्षमा उभ्याउन विशेष पूरक प्रस्ताव नै पेस गरेका थिए ।

हिन्दु राष्ट्रको पक्षमा हस्ताक्षर अभियान चलाएका नेताहरूलाई प्रतिनिधिसभा सदस्यसमेत रहेका पूर्वमहामन्त्री डा. शशांक कोइरालाले समेत साथ दिएका थिए । पछिल्लो पटक डा. कोइरालाले फेरि नेपाललाई हिन्दु राष्ट्र बनाइनुपर्ने अभिव्यक्ति सार्वजनिक गरेका छन्। जनताले हिन्दु राष्ट्र >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# श्रममन्त्री भण्डारीले संघको भवन उद्घाटन गर्दै भने : अध्यक्ष भण्डारी नेतृत्वको कार्यकाल सफल

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ चैत ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिह भण्डारीले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको भवन उद्घाटन गरेका छन्। मन्त्री भण्डारीले सोमबार सिफलस्थित संघको भवन उद्घाटन गरेका हुन् ।



मन्त्री भण्डारीले ३ दशकमा संघले प्राप्त गरेको उपलब्धि गर्व गर्न लायक भन्दै भवनमार्फत रचनात्मक काम गर्न पनि सुझाव दिए ।

रेमिटचान्सले कुल गार्हस्थ्य उत्पादनमा महत्वपूर्ण भूमिका खेलेको भन्दै उनले ७० प्रतिशत घरधुरीमा वैदेशिक रोजगारलाई सम्मानित पेसाका रूपमा विकास गर्न आग्रह गरे । उनले सरकारले व्यापार नगरी व्यवसायीले नै गर्ने भएकाले सरकारले सहजीकरण गर्न ऐन संशोधनका लागि काम गरिरहेको बताए। >>> पृष्ठ २ मा

## निर्वाचित भएको ३ देखि ६ महिनाभित्र बाँकी काम टुंगोमा पुर्‍याउने छु : गेलाल




**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको यही २९ चैतमा हुने निर्वाचनका लागि अध्यक्षका उम्मेदवार नरेश गेलालले वैदेशिक रोजगार व्यवसायीका सबै समस्याको समाधान गर्ने लक्ष्यसहित चुनावी मैदानमा उत्रिएको बताएका छन् ।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको निर्णयविरुद्ध उभिएको फरक धार र एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनबीच तालमेलमा संयुक्त व्यवसायी समूहको अध्यक्षका उम्मेदवार रहेका गेलालले संघको वर्तमान कार्यसमितिको निरन्तरताको स्वरूपमा आएको आफ्नो नेतृत्वले संघले प्राप्त गरेका उपलब्धिहरूको स्वामित्व लिँदै >>> पृष्ठ २ मा

## म नेता भएर होइन, व्यवसायीको सेवक भएर काम गर्ने छु : गुरुङ




**काठमाडौं/मस-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको आगामी निर्वाचनका लागि भुवनसिंह गुरुङ अध्यक्षको उम्मेदवार रहेको लोकतान्त्रिक-गणतान्त्रिक समूहले बसुन्धारामा क्षेत्रीय चुनावी भेला सम्पन्न गरेको छ ।

भेलालाई कार्यसमिति पदाधिकारी तथा सदस्यका उम्मेदवारसहित मूल निर्वाचन परिचालन समितिका संयोजकलगायतले सम्बोधन गरे । कार्यक्रम नेपाली कांग्रेस केन्द्रीय सदस्य गुरु बराल, नेकपा (माओवादी केन्द्र)का स्थायी समिति सदस्य तथा पूर्वश्रममन्त्री रामेश्वर राय >>> पृष्ठ २ मा

# लागुऔषधको 'हटस्पट' वीरेन्द्रनगर

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २५ चैत ।

पछिल्लो समय कर्णाली प्रदेशको राजधानी सुर्खेत बनेसँगै यहाँ लागुऔषधका दुर्व्यसनी बढ्दै गएका छन् । जिल्लामा लागुऔषधको प्रयोग र कारोबार बढ्दै गएपछि रोकथाम तथा नियन्त्रण पनि चुनौतीपूर्ण बनेको छ ।

प्रहरी प्रशासनलगायत अन्य निकायले गरेका लागुऔषध नियन्त्रणबारे विभिन्न सचेतनामूलक कार्यक्रम प्रभावकारी बन्न सकिरहेका छैनन्, जसका कारण नियन्त्रण हुन सकेको छैन ।

प्रहरीले लागुऔषध नियन्त्रण गर्न विभिन्न जनचेतनामूलक कार्यक्रम गर्दै आए पनि यसको कारोबार र प्रयोगकर्तामा कमी नभई झनै बढ्दै गएको तथ्यांकले देखाएको छ ।



*"वीरेन्द्रनगरका ४, १०, ११ र १२ वडामा व्यापक रूपमा लागुऔषध हुने गरेको सूचना हामीले पाउँछौं, त्यसमा पनि ऊर्जावान् उमेरका मान्छे लागुऔषधमा लागेका देख्छौं"*

**■ वीरेन्द्रवीर विश्वकर्मा**
*डीएसपी*

दैनिकजसो लागुऔषध ओसारपसार गर्ने गिरोहका सदस्यहरू पक्राउ परिरहेका छन् । यसरी लागुऔषध बोक्ने र सेवन गर्दै गरेका युवाहरू पक्राउ पर्नु कर्णाली प्रदेशमा अहिले सामान्य विषय बन्दै गएको छ ।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी नायब उपरीक्षक वीरेन्द्रवीर विश्वकर्माले कर्णाली प्रदेशको राजधानीसमेत रहेको सुर्खेतको वीरेन्द्रनगरमा लागुऔषध कारोबारी र सेवनकर्ताको संख्या तीव्र गतिमा बढ्दै गएको जानकारी दिए । >>> पृष्ठ २ मा

## ८ महिनामा ११२ जना पक्राउ

सुर्खेतमा आर्थिक वर्ष २०७९/०८० मा ८८ वटा लागुऔषधका मुद्दा दर्ता भएका थिए। त्यसमा १२७ जना पुरुष, ११ जना महिला र १० बालक गरी १४८ जना पक्राउ परेका थिए ।

त्यस्तै, आर्थिक वर्ष २०८०/०८१ मा ७४ मुद्दा दर्ता भएकामा १०९ जना पक्राउ परेका थिए । तिनमा १०४ जना पुरुष, ४ जना महिला र १ जना बालक थिए। यस्तै, चालू आर्थिक वर्षमा ७३ वटा मुद्दा परेकामा ११२ जना पक्राउ परेका छन् । तीमध्ये १०४ जना पुरुष, ७ महिला >>> पृष्ठ २ मा

## पैसा कमाउने नाममा कारोबारी बढ्दै

डीएसपी विश्वकर्माले लागुऔषधबाट पैसा कमाउने नाममा धेरै कारोबारी भेटिएका बताए । उनीहरूले लागुऔषधहरू भारतबाट बढी मात्रामा ल्याउने गरेको जानकारी दिए ।

'हामीले पक्राउ गरेका मान्छेहरूलाई कहाँबाट ल्यायौ ? भनेर सोधपुछ गर्छौं । उनीहरूले भारतबाट सस्तोमा ल्याएर यहाँ महँगोमा बेच्ने बताए', उनले भने, 'भारतमा १ ग्रामलाई ३ हजार ५०० पर्ने र त्यसलाई ३ हजार ५०० हालेर सुर्खेत ल्याउने पक्राउ परेकाले बताएका छन् ।' >>> पृष्ठ २ मा

## छुट्टै शाखा र हेल्प लाइन विस्तार गर्नुपर्ने

प्रहरी नायब उपरीक्षक विश्वकर्माले सुधार केन्द्रमा अनुगमन, सवारी साधनमा चेकिङ, सादा पोसाकमा प्रहरी परिचालन गर्दा पनि लागुऔषध कारोबार झनै भयावह बन्दै गएको बताए। उनले यसलाई नियन्त्रण गर्नका लागि घर परिवार तथा विद्यालयका शिक्षकहरूले विशेष जोड दिनुपर्ने बताए ।

उनले विद्यालय र घर परिवारले तत्काल लागुऔषध नियन्त्रणका लागि सक्दो सहयोग गरेमा लागुऔषध नियन्त्रण केही हदसम्म नियन्त्रण >>> पृष्ठ २ मा

**विस्थापित...**

मानिसहरूको मानवअधिकार उल्लंघन हुन पुगेको छ ।

यो विषयमा कानुन, न्याय तथा मानवअधिकार समितिमा यसअघि पनि छलफल भएका छन् । समिति सभापति सुवेदी मध्यवर्ती क्षेत्रमा हुने मानिस, वन्यजन्तु र वनका कर्मचारीबीच हुने संघर्ष रोक्न र मध्यवर्ती क्षेत्रको पुनः सीमांकन गर्न आवश्यक भएकामा जोड दिन्छिन् ।

उनी भन्छिन्, 'मध्यवर्ती क्षेत्रमा हुने मानिस, वन्यजन्तु र वनका कर्मचारीबीच हुने संघर्ष रोक्न र मध्यवर्ती क्षेत्रको पुनः सीमांकन गर्न आवश्यक छ ।'

अन्यथा, मानव बसोबास नै मध्यवर्ती क्षेत्रमा नरहन सक्ने सरोकारवालाहरूको चेतावनी छ । सरोकारवालाहरूको निरन्तर खबरदारीसमेतका आधारमा संसदीय समिति स्थलगत अनुगमनमा जान लागेको हो । स्थलगत अध्ययनका आधारमा सरकारलाई आवश्यक निर्देश गरिने समिति सचिवालयका अधिकारीहरू बताउँछन् ।

यो विषयमा यसअघि राष्ट्रियसभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिले समेत अध्ययन गरेको थियो । उक्त संसदीय समितिले २०८० सालमा राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र मध्यवर्ती क्षेत्रमा मानव र वन्यजन्तुबीचको द्वन्द्वको अवस्थाबारे अध्ययन गरेको थियो । अध्ययनपश्चात् सरकारलाई समयाअनुकूल ऐन निर्माण गर्न भनिएको थियो ।

उक्त समितिकै अध्ययनअनुसार राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र मध्यवर्ती क्षेत्रका बोटे, माझी, चेपाङ, मुसहरलगायतका स्थानीय आदिवासी तथा सुकुम्वासी समुदायका परम्परागत पेसा अगाल्न निकुञ्जको प्रतिबन्धले असम्भव भएको छ ।

अध्ययनको सुझाव खण्डमा अगाडि भनिएको छ, '...पेसा परिवर्तन गरी नयाँ कार्य गर्न सीप, आर्थिक अवस्थालगायतका कारण चुनौतीपूर्ण रहेको सन्दर्भमा उनीहरूको जीविकोपार्जनका लागि ऐनमै विशेष व्यवस्था गर्ने प्रावधान समावेश गरिनुपर्ने हुन्छ ।'

उक्त अध्ययनले ऐन बनाउँदा मध्यवर्ती क्षेत्रका बासिन्दाको मानवअधिकारलाई ख्याल गर्न सरकारलाई सुझाएको सुझाव खण्डमा अगाडि भनिएको छ, 'संरक्षणसम्बन्धी कानुनहरू मानवीय आधारभूत आवश्यकता र न्यूनतम मानवाधिकारको पनि ख्याल गरी बनाइनुपर्ने हुन्छ ।'

**हिन्दु राष्ट्रको...**

खोजेको तर राजा नचाहेको उनको प्रस्टोक्ति छ ।

'कांग्रेसमा हिन्दूराष्ट्रको पक्षमा ठूलो जनमत तयार भइरहेको छ', कोइरालाले भने, 'राजालाई हामीले पटक-पटक मौका दियौं, अवसर दियौं, उनले दुरुपयोग गरे । अब के ग्यारेन्टी छ कि उनले दुरुपयोग गर्दैनन् ? त्यसैले, अब राजा हामीलाई चाहिँदैन । हिन्दु राष्ट्रको पक्षमा चाहिँ म छु ।'

केही हप्ताअघि मात्र पार्टी सभापति शेरबहादुर देउवाले एक सार्वजनिक कार्यक्रममै हिन्दु राष्ट्रबारे पुनर्विचार गर्न सकिने अभिव्यक्ति दिएपछि उक्त मुद्दालाई थप मलजल पुगेको कोणबाट विश्लेषणहरू पनि भइरहेका छन् । अब नेपाललाई हिन्दु राष्ट्र बनाउनुपर्छ भन्ने कांग्रेसका बहुसंख्यक नेता, कार्यतार्को धारणा बनिसकेको धर्मनिरपेक्षको पक्षमा उभिएका कांग्रेसकै नेताहरूको बुझाइ छ ।

पार्टी सभापति देउवा निकट मानिएका कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतसमेत पछिल्लो पटक हिन्दु राष्ट्रका विषयमा सकारात्मक देखिएका छन् । 'हामी संविधान निर्माणको बेलामा नै धर्मनिरपेक्षताको पक्षमा थिएनौं । धार्मिक स्वतन्त्रता भए हुन्छ भन्ने थियो । सम्झौता गरेको हो । त्यसैले, हाम्रो पहिचान हिन्दु, बौद्ध, किरात, धर्म संस्कृतिचाहिँ सनातन धर्म संस्कृति हो । यसमा हाम्रो भावना छ ।'

उसो त कांग्रेसको पेसागत तथा बुद्धिजीवी विभाग र नेपाल डेमोक्रेटिक लयर्स एसोसिएसन (डीएलए)ले संविधान संशोधनका सवालमा सातै प्रदेश र भ्रातृ तथा शुभेच्छुक संघसंस्थासँग गरेको छलफलमा समेत हिन्दु राष्ट्र बनाउन सुझाव आएको छ । विभागकी प्रमुख एवं पार्टी केन्द्रीय सदस्य डा. डिला संग्रौलाले पार्टी सभापति देउवालाई बुझाएको उक्त प्रतिवेदनमा नेपाललाई हिन्दु राष्ट्र कायम गर्नुपर्ने सुझाव आएको बताइन् । संग्रौला पनि पहिलादेखि नै हिन्दु राष्ट्रको पक्षमा वकालत गर्दै आएकी छन् ।

हिन्दु राष्ट बनाएर देशलाई धार्मिक पर्यटनको माध्यमबाट समृद्ध बनाउन सकिने नेताहरूको तर्क छ । 'विश्वको एक मात्र हिन्दु राज्य नेपाल हो भनेर विश्वसामु चिनाउन र नेपालमा धार्मिक पर्यटनको हब बनाएर मुलुकलाई आर्थिक उन्नतिमा लैजान सकिन्छ', नेता शंकर भण्डारीले भने ।

कांग्रेसका केन्द्रीय सदस्य एवं सांसद दीपक गिरी पनि नेपाललाई हिन्दु राष्ट्र बनाउन आवश्यक रहेको बताउँछन् । संविधान निर्माणकै क्रममा ८० प्रतिशत जनता हिन्दु राष्ट्रको पक्षमा रहेको दाबी गर्दै गिरिले भने, 'संविधान निर्माणका क्रममा जनताले दिएको राय बोरामा बन्द छ । त्यो खोलियोस् त ! त्यतिबेला ८० प्रतिशतभन्दा बढी जनताले हिन्दु राष्ट्र हुनुपर्छ भनेका थिए । कसैले हिन्दु राष्ट्रलाई हटाऊ भनेको अवस्था थिएन । संसारभरि एउटा हिन्दु राष्ट्र भएको हेर्ने धेरैको रहर थियो । अहिले पनि ती अभिलेख र राय हेरियोस् । नेपालमा हिन्दु राष्ट्र अत्यन्त आवश्यक परिरहेको अवस्था छ ।'

२०७१ सालमा कांग्रेस नेता हरिबोल भट्टराईको नेतृत्वमा रहेको बीपी चिन्तन प्रतिष्ठानको संयोजकत्वमा सनातन हिन्दु राष्ट्र नेपाल नागरिक संघर्ष समिति नै बनाएर अभियान चलाएका थिए । हिन्दु राष्ट्रको पक्षमा चलाएको सो अभियानमा पूर्वगृहमन्त्री खुमबहादुर खड्का, पूर्वसभामुख तारानाथ रानाभाट, चिरञ्जीवी वाग्ले, पुष्पा भुसाल, दीपकुमार उपाध्यायसहित २ दर्जनभन्दा बढी केन्द्रीय नेता थिए ।

अहिले केन्द्रीय सदस्यहरू शंकर भण्डारी, दिलेन्द्रप्रसाद बडू, पुष्पा भुसाल, देवेन्द्रराज कँडेल, प्रकाश रसाइली 'स्नेही', रंगमती शाही, विद्या तिमल्सिना, गेहेन्द्र गिरी, सीता देवकोटा, अर्जुनजंगबहादुर सिंह, सीता कुमारी, शारदा पौडेल, चम्पादेवी खड्का, नागिना यादव, नृपबहादुर बड, सञ्जय गौतम, भीम पराजुली, दिनेश कोइराला, मुक्ताकुमारी यादव, डा. डिला संग्रौला, इन्द्रबहादुर बानियाँ, शुक्रराज शर्मालगायत छन् ।

तत्कालिन प्रधानमन्त्री एवं कांग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले कम्युनिस्टसँग एकता गरेर नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषणा गरी भूल गरेको नेताहरूको असन्तुष्टि छ ।

**लागुऔषधको...**

उनले सुर्खेत जिल्लामा दैनिक २-४ वटा मुद्दा लागुऔषधविरुद्ध पर्ने गरेका बताए । लागुऔषधको लतमा फस्नेहरू १८ वर्षदेखि ४० वर्ष उमेर समूहका बढी रहेका उनको भनाइ छ ।

**८ महिनामा...**

र १ बालक छन् । प्रहरीले निगरानी बढाएसँगै प्रयोगकर्ता पक्राउ पर्ने र मुद्दा दर्ताको संख्यासमेत बढ्ने गरेको डीएसपी विश्वकर्माले बताए । उनले भने, 'सुर्खेत पछिल्लो समय लागुऔषधको हब बन्दै छ । प्रहरीले एक्लै मात्र यो रोकथाम गर्न सक्दैन । त्यसैले, सबै सरोकारवालाले यसलाई रोक्न लाग्नुपर्ने देखिन्छ ।' उनले लागुऔषधको कारोबार देशकै प्रमुख समस्याका रूपमा देखिएको बताए ।

लागुऔषधको भयावह अवस्थामा सुर्खेत जिल्ला भए पनि त्यसको प्रत्यक्ष प्रभाव वीरेन्द्रनगरमा देखिएको छ । प्रदेश राजधानी र जनसंख्या बढ्दो रूपमा भएकाले वीरेन्द्रनगर लागुऔषधको हब बन्दै गएको हो ।

'कर्णालीको सुर्खेत त्यसमा पनि वीरेन्द्रनगर लागुऔषधको हबमा परिणत भएको छ । हामीले दैनिक २ जनाभन्दा बढी लागुऔषध कारोबार गरिरहेका मान्छे पक्राउ गरिरहेका छौं', डीएसपी विश्वकर्माले भने, 'मुद्दा मात्र दैनिक २-४ वटा आएकै हुन्छन् । अहिले झन् फार्मेसीमा समेत लागुऔषध कारोबार हुने गरेको छ ।' उनका अनुसार वीरेन्द्रनगरको ४ नम्बर वडामा बढी लागुऔषधको कारोबार हुने गरेको छ ।

यस्तै, वडा- १०, ११ र १२ मा लागुऔषध व्यापक रूपमा हुने गरेको उनले बताए । 'वीरेन्द्रनगरका ४, १०, ११ र १२ वडामा व्यापक रूपमा लागुऔषध हुने गरेको सूचना हामीले पाउँछौं, त्यसमा पनि ऊर्जावान् उमेरका मान्छे लागुऔषधमा लागेका देख्छौं', उनले भने, 'एउटै मान्छे धेरै पटकसमेत पक्राउ पर्ने गरेको छ ।' लागुऔषधमा फसेका छोरा-छोरीलाई बुबा-आमाले सम्झाउनुपर्ने र बढी निगरानीमा राख्नुपर्ने उनको भनाइ छ ।

**पैसा कमाउने...**

त्यसको करिब ३० पोका बनाएर एउटा पोकालाई १ हजारदेखि १ हजार ५०० सम्ममा बेच्ने र त्यसरी महँगोमा बेच्दा कमाइ राम्रो हुने उनीहरूले बताउने गरेका विश्वकर्माको भनाइ छ ।

विशेष सुर्खेतका सुब्बाकुना, बबई र पश्चिम सुर्खेतको कुइने नाकाबाट लागुऔषध भित्रिने गरेको छ । उनले सुर्खेतका विभिन्न फार्मेसीहरूले समेत लागुऔषधहरू बेचिरहेका बताए ।

**छुट्टै शाखा...**

हुने बताए । धेरै नागरिकले लागुऔषध नियन्त्रण गर्ने जिम्मा प्रहरीको सोच्ने भएकाले पनि लागुऔषध झनै भयावह हुँदै गएको डीएसपी विश्वकर्माको भनाइ थियो ।

यस्तै, कार्यक्रमका सहभागीहरूले प्रहरी प्रशासनले मात्र प्रयास गरेर नहुने भन्दै सबै पक्षले हातेमालो गरेर जानुपर्ने बताउँदै स्थानीय सरकार बढी जिम्मेवार हुनुपर्ने बताए ।

यस्तै, लागुऔषध दुर्व्यसनी रोकथामका अध्यक्ष वसन्त कुँवरले लागुऔषध दुर्व्यसनी रोक्नका लागि आफूहरूले विगतदेखि नै काम गरेको बताउँदै यसलाई सामाजिक मुद्दाका रूपमा लिनुपर्ने बताए ।

उनले स्थानीय सरकारले लागुऔषध दुर्व्यसनी रोक्नका लागि योजना बनाउनुपर्ने सुझाव दिए । उनले स्थानीय सरकारले छुट्टै शाखा र हेल्प लाइन विस्तार गर्नुपर्ने भन्दै यससम्बन्धीको समिति बनाएर काम गर्नुपर्नेमा जोड दिए । लागुऔषध दुर्व्यसनी रोक्न प्रहरीको मात्र भूमिका नहुने भन्दै यसमा सबै पक्षको भूमिका हुने उनको भनाइ थियो ।

पत्रकारहरूले यस सम्बन्धमा बहस पैरवी गर्नुपर्ने सुझाव दिँदै लागुऔषध दुर्व्यसनीका कारण आमयुवाहरूमा ठूलो क्षति पुगेको र यसले देश विकासमा समेत नकारात्मक असर पर्ने बताए ।

यस्तै, नेपाल पत्रकार महासंघ सुर्खेतका अध्यक्ष सुशीलराज शर्माले लागुऔषध दुर्व्यसनी रोक्नका लागि पत्रकार महासंघले सचेतनासँगै अन्य भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाए ।

**श्रममन्त्री...**

मन्त्री भण्डारीले 'डेथ ट्र्याप' र 'हिट ट्र्याप'ले वैदेशिक रोजगारमा जाने युवा-युवतीलाई असुरक्षित गराएको टिप्पणी गरे ।

अहिले पीडितका नाममा दबाब दिने प्रयास भए पनि ठगी गर्ने व्यक्ति वा शैक्षिक कन्सल्टेन्सीमाथिको कारबाही मन्त्रालयका क्षेत्रमा नरहेकाले अन्यत्र उपचार खोज्न आग्रह गरेकोसमेत मन्त्री भण्डारीले बताए ।

मागपत्र प्रमाणीकरणलगायतका समस्या समाधानका लागि अन्तर मन्त्रालय समन्वयको आवश्यकता महसुस गरी छलफल गरिरहेको पनि जानकारी दिए । त्यस अवसरमा मन्त्री भण्डारीले संघको आगामी निर्वाचनका सबै उम्मेदवारलाई बधाई पनि दिए ।

राजधानीको सिफलमा ६ आना १ पैसा जग्गामा बनेको साढे ३ तले भवन संघले सबै व्यवसायी र शुभेच्छुकलगायतबाट सहयोग जुटाएर ४ करोड ५३ लाख १४ हजार रुपैयाँमा खरिद गरेको हो ।

संघका प्रथम उपाध्यक्ष डिकबहादुर खत्रीले संघको भवन खरिदका लागि हालसम्म ४ करोड १० लाख संकलन भई भवन राजीनामा पास गरी लिन ४ करोड ५३ लाख १४ हजार खर्च हुँदा ४३ लाख १४ हजार सापटी लिएको बताएका छन् ।

अध्यक्ष राजेन्द्र भण्डारीले २०४९ सालमा संघ स्थापना भएको उल्लेख गर्दै नेपाली कामदार वैदेशिक रोजगारमा गएका नेपाली ६८ लाख पुगेको बताए । उनीहरूले आर्जन गरेको रकमले देशको पुँजी वृद्धि भएकाले यसलाई व्यवस्थित गर्न आफ्नै भवन खरिद गरेको जानकारी दिए ।

कतिपय व्यवसायीलाई ४० औं पटक भेटेर सहयोग जुटाएको उनले बताए । अध्यक्ष भण्डारीले प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावलको पहलकदमीमा ४७ लाख रुपैयाँ प्राप्त गरेको, सल्लाहकार रघुनाथ पुरीले १४ लाख बराबर, वरिष्ठ व्यवसायी नवराज केसीले १३ लाख ३३ हजार बढी सहयोग गरेर कार्य सम्पन्न गर्न हौसला दिएको उल्लेख गरे ।

नेपाल उद्योग वाणिज्य महासंघका वस्तुगत उपाध्यक्ष हेमराज ढकालले वैदेशिक रोजगारमार्फत प्राप्त रेमिटचान्स परिचालन गरी देशको अर्थतन्त्र मजबुत बनेकाले वैदेशिक रोजगार व्यवसायीको योगदान उल्लेख्य रहेको बताए ।

संघका प्रथम उपाध्यक्ष डिकबहादुर खत्री कुमारले संघलाई आफ्नै स्वामित्वको भवन बनाउन करिब ३२ बर्ष लागेको भन्दै भवन खरिदका लागि योगदान गर्ने सबैलाई धन्यवाद र आभार व्यक्त गरे ।

संघले डेढ दशक अगाडि संघका पूर्वअध्यक्ष दानबहादुर तामाङको कार्यकालमा राजधानीको सिनामंगलमा संघको भवन बनाउन करिब साढे ७ आना जग्गा खरिद गरेको थियो ।

कार्यक्रममा पूर्वअध्यक्ष विमलप्रसाद ढकाल, बलबहादुर तामाङ, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका अध्यक्ष जनक रावल, प्याराडाइज इन्टरनेसनल प्रा. लि.का संचालक, संघका पूर्वसल्लाहकार तथा ललितपुर वैदेशिक रोजगार व्यवसायी समाजका अध्यक्ष नवराज केसी, एकीकृत बैदेशिक रोजगार व्यवसायी समाजका अध्यक्ष सन्तबहादुर लामा र कार्यसमिति सदस्य, सल्लाहकार, महिला व्यवसायी सीतादेवी देवकोटालगायतको उपस्थिति थियो ।

संघको नाममा भवन रहेको जग्गाको लालपुर्जा प्राप्त भएपछि उक्त भवनका लागि मध्यान्ह राष्ट्रिय दैनिकले पनि १ लाख ११ हजार १११ रुपैयाँ सहयोग गरेको थियो । खत्रीले भवन खरिदका लागि सबै व्यवसायीको उल्लेख्य योगदान रहेको भन्दै व्यवसायीको सम्मानका लागि नाम सार्वजनिक गरिएको बताएका छन् ।

संघको भवन खरिदका लागि ५३ लाख ६१ हजार सहयोग जुटाएको प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले अर्को भवन खरिदका लागि ४७ लाख रुपैयाँ जुटाउने प्रतिबद्धता जनाएको छ ।

कार्यक्रम संचालन गरेका महासचिव मेघनाथ भुर्तेलले संख्या सय, घरेलु कामदार, सेवा शुल्क परिमार्जनका लागि मन्त्रालयले सकारात्मक भूमिका खेल्नुपर्ने उल्लेख गरे ।

**निर्वाचित...**

पूरा हन बाँकी काम संघमा निर्वाचित भएको ३ देखि ६ महिनाभित्र टुंगोमा पुऱ्याउने बताए । संघका पूर्वमहासचिव रहेका व्यवसायी गेलाल एचआर इन्टरनेसनल सर्भिस प्रा.लि.का संचालक हुन् ।

अध्यक्षका उम्मेदवार गेलालले २ वर्षे अवधिमा संख्या सय समस्याको समाधान, मागपत्र प्रमाणीकरण, श्रम स्वीकृतिमा सहजीकरण जस्ता वर्षौंदेखि थाँती रहेका समस्या समाधानको प्रमुख लक्ष्य लिएर योग्यतम व्यवसायीको प्यानल बनाएर चुनावी मैदानमा आएकाले विश्वासका साथ सिंगो प्यानललाई मतदान गरेर जिताउन आग्रह गरे ।

संघलाई राजनीतिक खिताचानीमुक्त बनाउने र व्यवसायीको रोजीरोटी खोस्न जापान, कोरिया वा मलेसिया जुनसुकै देश र आवरण आउने सिन्डिकेटका विरोधमा आमरण अनशन तहको कठोर अवस्थासम्म पुगेर प्रतिरोध गर्ने प्रतिबद्धता पनि उनले जनाए ।

उनले भने, 'उमेदवारी दर्ताअघि सिन्डिकेटमा समर्थन जनाउनु आमाको रगत खानु सरह हो भनेको छु । आज पशुपतिनाथलाई सम्झेर सोही प्रतिबद्धता दोहोऱ्याउँछु ।'

प्रथम उपाध्यक्षका उम्मेदवार सुजितकुमार श्रेष्ठले म्यानपावर व्यवसायीलाई युरोपको श्रम बजारमा नेपाली कामदार पठाउन जब फेयर गरेर अवसरको सिर्जना गर्नेसहितका योजनामा काम गर्ने बताए । उनले हाल नेपाली राजदूतावासमा रहेको इच्छा लागेका फाइल आधा घण्टामा सदर गर्ने र इच्छा नलागेकालाई महिनौं झुलाउने परिपाटी रहेको भन्दै त्यसलाई अन्त्य गर्न पनि परराष्ट्र र श्रम मन्त्रालयमा सशक्त दबाब दिने बताए ।

तृतीय उपाध्यक्षका उम्मेदवार बैकुण्ठ पौडेल वैभवले कूटनीतिक नियोगहरूसँग समन्वय गरेर समस्या समाधान गर्न सकिने अनुभवका आधारमा तृतीय उपाध्यक्षको उम्मेदवार बनेको बताए ।

महासचिव कर्णराज कटुवालले मागपत्र प्रमाणीकरण, संख्या सय समस्याको समाधान, वैदेशिक रोजगार विभागका समस्याको समाधान, धरौटीबाट व्यवसायीलाई ब्याज दिलाउनेलगायतका सुधारका लागि काम गर्ने बताए । आफू महासचिवको उम्मेदवार बनेपछि पराजित मानसिकता बोकेका केही व्यवसायी भ्रमको खेतीमा लागेका भन्दै त्यस्ता भ्रमहरू चिरेर अघि बढ्ने बताए ।

सचिवका उम्मेदवार अनिल बोगटीले व्यवसाय व्यवस्थित गरी सिन्डिकेटको विरोध आफ्नो प्रमुख एजेन्डा भएको बताए । कोषाध्यक्षकी उम्मेदवार धनुमाया सिँजालीले संघलाई नवीन आर्थिक सोचका साथ अघि बढाउने र मेडिकल बिचौलिया अन्त्य गर्ने बताइन् ।

कार्यसमिति सदस्यका सबै उम्मेदवारले मागपत्र प्रमाणीकरण, संख्या सय समस्याको समाधान, वैदेशिक रोजगार विभागका समस्याको समाधानका विषयमा प्रतिबद्धता व्यक्त गरे । नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएनका पूर्वअध्यक्ष कुमुद खनालले विभिन्न आवरणमा सिन्डिकेट आउने खतरा रहेको बहकाउमा नपरी इमानदार प्यानललाई मतदान गरेर जिताउन आग्रह गरे ।

संघका पूर्व द्वितीय उपाध्यक्ष मुक्तिनाथ अधिकारीले संचालन गरेको कार्यक्रम नेपाली कांग्रेस केन्द्रीय सदस्य एवं व्यवसायी सीता देवकोटाको सभापतित्वमा सम्पन्न भएको थियो ।

गेलाल प्यानलबाट प्रथम उपाध्यक्षमा एलायन्स ह्युमन रिसोर्स प्रा. लि.का संचालक संघका पूर्वमहासचिव सुजितकुमार श्रेष्ठ, द्वितीय उपाध्यक्षमा इम्प्लोइमेन्ट लिंक नेपाल प्रा. लि.का संचालक मधुकर रिजाल, तृतीय उपाध्यक्षमा न्यु अल्फा एचआर प्रा. लि.का संचालक बैकुण्ठ पौडेल वैभव, महासचिवमा डाइनामिक स्टाफिङ सोलुसन प्रा. लि.का संचालक कर्णराज कटुवाल, सचिवमा कन्फिडेन्ट इन्टरनेसनल म्यानपावर प्रा .लि.का संचालक अनिल बोगटी र कोषाध्यक्षमा कालिञ्चोक एचआर प्रा. लि.की संचालक धनुमाया सिँजालीले उम्मेदवारी दिएका छन् ।

सो प्यानलबाट कार्यसमिति सदस्यमा माउन्टेन ग्रुप प्रा. लि.का संचालक देउमान नेम्बाङ, ग्रोथ प्रोसेस इन्टरनेसनल इम्प्लोइमेन्ट प्रा. लि.का संचालक राजेन्द्र बस्नेत, उज्यालो ओभरसिज प्रा. लि.का संचालक चन्द्र लिम्बू, विनर एचआर सोलुसन प्रा. लि.की संचालक हिमा गुरुङ, रियो ओभरसिज प्रा. लि.की संचालक रमा खड्का, गल्फ इम्पायर ओभरसिज प्रा. लि.का संचालक दिनेश बस्नेत, आयुश ओभरसिज प्रा. लि.का संचालक कामेश्वर साह राहुल, सिगल ओभरसिज प्रा. लि.का संचालक छत्र बस्नेत, डेस्टिनी ह्युमन रिसोर्स प्रा. लि.का संचालक युवराज देवकोटा र गल्फ एसिया म्यानपावर प्रा. लि.का संचालक राजेश यादवले उम्मेदवारी दिएका छन् ।

**म नेता...**

यादव, पूर्वमन्त्री गोपालजीजंग साह, वैदेशिक रोजगार व्यवसायी एकता समिति अध्यक्ष हरिबहादुर पाण्डे क्षेत्रीसहित उम्मेदवारहरूले सम्बोधन गरेको कार्यक्रममा सो क्षेत्रमा कार्यालय रहेका व्यवसायीहरूको बाक्लो उपस्थिति थियो ।

कार्यक्रम समूहका अध्यक्षका उम्मेदवार गुरुङ म्यानेजमेन्ट प्रा.लि.का संचालक भूवनसिंह गुरुङले वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्या समाधानका लागि सरकारसँग छलफल र समन्वय गरेर समस्याको समाधानका लागि दिनरात खटिने प्रतिबद्धता जनाए ।

गुरुङले आफू नेता भएर नभई, व्यवसायीको सेवक भएर काम गर्ने प्रतिबद्धता जनाउँदै कुनै पनि आवरणमा हुने सिन्डिकेटको विरोधमा काम गर्ने पहिलो प्रतिबद्धता रहेको बताए । उनले विभिन्न भ्रम छरेर संघको निर्वाचनमा विरोधी प्यानल आएको भन्दै व्यवसायी आफ्नो पेसा व्यवसायका लागि सचेत हुनुपर्ने जिकिर गरे ।

प्रथम उपाध्यक्षका उम्मेदवार नोकरी नेपाल प्रा. लि.का संचालक नरेन्द्रप्रसाद ढकालले वैदेशिक रोजगार क्षेत्रमा सिन्डिकेट गतिविधि रोक्न अधिकतम प्रयास गर्ने समूहको लक्ष्य रहेको भन्दै व्यवसायीलई घात गर्ने कुनै काम नगर्ने प्रतिबद्धता जनाए ।

नेपाली दूतावासहरूमा मागपत्र प्रमाणीकरणका लागि पेस भएपछि प्राथमिकता सूचीका आधारमा प्रमाणीकरण हुने व्यवस्थाको सुनिश्चितता गर्ने पनि ढकालले बताए ।

द्वितीय उपाध्यक्षका उम्मेदवार अलर्ट ओभरसिज प्रा. लि.का संचालक देव खोखालीले वैदेशिक रोजगारपीडितका नाममा हुने अराजकताको अन्त्य र व्यवसायी सुरक्षाका लागि काम गर्ने आफ्नो प्रतिबद्धता रहेको जनाए ।

तृतीय उपाध्यक्षका उम्मेदवार इम्प्लोइमेन्ट क्रियसन सर्भिस प्रा. लि.का संचालक हर्क लिम्बूले इमानदार र कर्तव्यनिष्ठ व्यवसायीका समस्या समाधान गर्ने भन्दै सिंगो प्यानललाई मत दिन आग्रह गरे ।

महासचिवका उम्मेदवार ग्लोबल राइजिङ प्लेसमेन्ट प्रा. लि.का संचालक महेशकुमार बस्नेतले व्यवसायीलाई पेसा टेकाउने सुनिश्चितता निर्माण गर्नु वर्तमानको सबैभन्दा महत्त्वपूर्ण विषय रहेको बताए । उनले वैदेशिक रोजगारलाई सेवा उद्योगका रूपमा विकास गर्न पहल गर्ने प्रतिबद्धता जनाउँदै व्यवसाय र व्यवासयी शुद्धीकरण गरी सम्मानित बनाउने, वैदेशिक रोजगार विभागमा बिनाप्रमाणका उजुरी दर्ता रोक्न संयन्त्र बनाउने, व्यवसायीलाई अनावश्यक दुःख दिनेको पहिचानका लागि ब्ल्याकलिस्ट सफ्टवेयर निर्माण गरेर काम गर्ने प्रतिबद्धता जनाए ।

सचिव पदका उम्मेदवार आकृति रिक्रुटिङ प्रा. लि.का संचालक कुन्छा दोर्जे दिम्दोङले व्यवसायीलाई समस्या र आर्थिक भार पार्नेगरी वैदेशिक रोजगार ऐनमा संशोधन गर्न लागिएको अवस्थामा त्यसलाई रोक्न संघको नेतृत्व इमानदार, बलियो र प्रभावकारी हुनुपर्नेमा जोड दिए । उनले व्यवसायीले उम्मेदवारको पहिचान गरेर मतदान गर्न आग्रह गरे ।

कोषाधक्षका उम्मेदवार शुभ हारती म्यानपावर प्रा. लि.का संचालक विक्रम श्रेष्ठले विभिन्न स्रोतहरूको खोजी गरी आर्थिक रूपमा संघलाई बलियो बनाउने बताए । उनले आर्थिक कारोबारलाई पारदर्शी बनाई व्यवसायीको लेबीमा मात्र निर्भर नगराई अन्य स्रोतहरूको खोजी गर्ने बताए । कार्यक्रम प्यानलका सदस्यका उम्मेदवारहरूले पनि आ-आफ्नो धारणा र प्रतिबद्धता जनाए ।

सो प्यानल कार्यसमिति सदस्यमा राज ग्रुप अफ कम्पनीका संचालन राज लामा तामाङ, इम्पेरियल ओभरसिज प्रा. लि.की संचालक विद्यालक्ष्मी बज्राचार्य, हिमालयन भ्याली नेपाल प्रा. लि.का संचालक देवीप्रसाद गिरी, ब्रदर इन्टरनेसनल इम्प्लोइमेन्ट प्रा. लि.का संचालक दीपककुमार राय, रसुवा ओभरसिज प्रा. लि.का संचालक सुवर्ण लामा, सेक्युर नेपाल जब प्रा. लि.का संचालक सुमनराज पाण्डे, युनिक ओभरसपज प्रा. लि.की संचालक तिलरूपा दाहाल, सिल्भर कर्नर ओभरसिजका कैलाश पाठक उम्मेदवार बनेका छन् ।

त्यस्तै, युनिभर्स एच. आर. सोलुसन प्रा. लि.का संचालक भरत सापकोटा र रिजा ओभरसिज प्रा. लि.की संचालक रेखा शर्मा, इगल मेनपावर कन्सल्टेन्ट प्रा. लि.का संचालक कृष्ण ढकाल सदस्यका उम्मेदवार बनेका छन् ।

मूल निर्वाचन परिचालन समितिका संयोजक तिलकबहादुर रानाभाट, प्रचारप्रसारमा समिति सयोजक किरणकिशोर घिमिरे, संघका पूर्वअध्यक्ष हंशराज वाग्ले। एसोसिएसन अध्यक्ष दीपक थापा, गणतान्त्रिक वैदेशिक रोजगार व्यवसायी मञ्च अध्यक्ष धनलाल जैशी, वैदेशिक रोजगार व्यवसायी महिला संघकी अध्यक्ष प्रतिमा महर्जनलगायतको उपस्थिति थियो ।

नेपाल वैदेशिक रोजगार लोकतान्त्रिम एसोसिएसनका कार्यबाहक महासचिव तुलसी पुरीले संचालन गरेको कार्यक्रमको क्षेत्रीय भेलाको सभापतित्व संघका पूर्व प्रथम उपाध्यक्ष किशोर केसीले गरेका थिए ।

## १० प्रतिनिधि खारेज, ३६ उम्मेदवार कायमै

**काठमाडौं /मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको यही २९ चैतमा हुने निर्वाचनका लागि ८९३ मतदाता कायम भएका छन् । सुरुवातमा ९०३ प्रतिनिधि दर्ता भएकामा दाबी विरोधपछिको छानबिनका क्रममा १० जना साधारणसभा प्रतिनिधिका लागि अयोग्य भएका प्रमुख निर्वाचन अधिकृत टंक रावतले जानकारी दिए ।

यसरी अयोग्य हुनुमा कतिपयले आवश्यक कागजात जुटाउन सकेनन् भने कतिपय कम्पनी संचालक नभएर कर्मचारी प्रतिनिधि बनेर आएका थिए ।

संघको कार्यसमिति २१ सदस्यीय छ । अध्यक्षसहित ७ पदाधिकारी र सदस्यसहित १० सदस्य गरी १७ जनाको निर्वाचन हुने छ ।

त्यसका लागि यस पटक ३६ जनाको उम्मेदवारी कायम रहेको निर्वाचन समितिका सदस्य भवानी निरौलाले जानकारी दिए ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०५/१० मा दर्ता भएको **प्रा.लि.नं. २६९४९० को ब्लु ओसीयन ग्रुप ऑफ कम्पनी प्रा.लि.**को मिति २०८१/१२/२५ को विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इ.प. नं. ४०४ त्रिपुरेश्वर, काठमाडौं, मो.: ९८५१२१७००४**

**साउदीमा रोजगार**

कम्पनी: Tran Ji For Trading & Contracting Co. LLC | शहर: Dammam
पूर्व स्वीकृत मितिः २०८१/१२/२५ | चलानी नं.: ६०२३५७६८ | LT. No.: 321661

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३६,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ बैशाख २ गते (15 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AAYUSH OVERSEAS PVT. LTD.
Govt.Lic.No. 1341/074/075
Bhimsengola-31, Katyayani Chowk, Kathmandu | Tel: 01- 5918559
Email: aayushoverseas123@gmail.com | Web: www.aayushoverseas.com.np
Mobile No: 9801357726, 9801357728, 9801357729, 9801591168, 9808533103, 9827713813

**KUWAIT मा रोजगार**

कम्पनी: DIVIT SNACKS CORNER COMPANY | शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८१/१२/२५ | चलानी नं.: ६०२३५७६४ | LT. No.: 321660

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chef | 2 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६६,३१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Chef Assistant. | 2 | 0 | | 130 | ५७,४७२ | | | | | | | |
| 3. | Helper | 4 | 0 | | 120 | ५३,०५१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २ गते (15 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

JOB CONNECT PVT. LTD.
Govt Lic. No. 1672/080/081
Ktm Metropolitan City 4 Maharajgunj Kathmandu Tel.: 01-4547330
9802368420, 9802368421 9802368422, 9802368423, 9802368424

**मलेसियामा रोजगार**

कम्पनी: PENTAGON PROTECTION SERVICES SDN. BHD. | शहर: JALAN
पूर्व स्वीकृत मितिः २०८१/१२/२५ | चलानी नं.:६०२३५७४७ | L.T. No.: 321637

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 38 | 0 | स. काममा दक्ष | 1700 | ५२,१३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २ गते (15 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Al Zahra Human Resources Consultancy Private Limited
Gov. Lic No.: 1657/080/081
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 01-4586369, Mob.: 9810003423, 9704414954
Email: alzahranepal@gmail.com, Web.: www.alzahrahr.com

# 'धरानवासीलाई खानेपानीको प्रबन्ध गर्ने प्रक्रिया अघि बढ्यो'



**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले धरानवासीलाई खानेपानी उपलब्ध गराउने प्रक्रिया अघि बढेको बताएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा सोमबार सुनसरीको धरान उपमहानरपालिकाका प्रमुख हर्कराज राई (हर्क साङपाङ)सहितकोप्रतिनिधिमण्डलसँगको भेटमा प्रधानमन्त्री ओलीले सो जानकारी गराए ।

'धरानवासीले खानेपानी पिउन पाउनुपर्छ । यो प्रक्रिया आजैबाट अघि बढ्यो । यसका लागि सङ्घीय सरकारले बजेटको प्रबन्धलगायत अन्य विषयमा आवश्यक सहजीकरण गर्नेछ । यो सन्देश धरानवासीलाई सुनाइदिनुहोला', प्रधानमन्त्री ओलीले भने ।

खानेपानी आयोजनाका लागि विस्तृत परियोजना प्रतिवेदन संघीय सरकारबाट यसअघि तयार भइसकेको छ । नगर प्रमुख राईले स्रोत सुनिश्चितताका लागि यसअघि अर्थ मन्त्रालयलाई आग्रह गरेको जानकारी गराएको थिए ।

प्रधानमन्त्री ओलीले धरानको फोहर व्यवस्थापनका लागि परम्परागत नभइ आधुनिक प्रविधियुक्त 'ल्याण्डफिल्डसाइट' बनाउनुपर्नेमा जोड दिए ।

### काम नभएसम्म विश्वास लाग्दैन: प्रमुख राई

यता मेयर साङपाङले प्रमुख मानवीय आवश्यकता खानेपानी भएको बताएका छन् । प्रधानमन्त्री ओलीसँगको भेटपछि पत्रकारहरुसँग कुरा गर्दै उनले धरानको जनताका लागि मुख्य समस्या खानेपानी रहेको बताए । उनले सडक निर्माण दोस्रो प्राथमिकतामा राख्दै धुलो बाटोमा हिँड्न सकिने तर पानीबिना जीवन नचल्ने बताए । उनले धरानको खानेपानी समस्याका बारेमा प्रधानमन्त्रीसँग भएको कुराकानी सकारात्मक भएको बताए । उनले खानेपानी व्यवस्थापनका लागि करिव पाँच अर्ब लाग्ने र बजेटमार्फत स्रोत व्यवस्था गर्ने प्रधानमन्त्रीको आश्वासन पाएको बताए । प्रधानमन्त्रीको आश्वासनमा शंका गर्न नहुने तर बजेटले सम्बोधन नगरेसम्म विश्वास नलाग्ने उनको भनाइ छ । उनले धरानमा आफूले तीन हजार धारा थपिसकेको तर सहरीकरण बढ्दा माग पनि उतिकै बढेको बताए ।

मेयर साङपाङलले जीवन रहेसम्म समस्याले नछोड्ने भन्दै मुख्य समस्या समाधान पहिलो प्राथमिकतामा राख्नुपर्ने बताए ।

# साउदी अरबले १४ देशका नागरिकलाई लगायो हज भिसामा प्रतिबन्ध



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २५ चैत

मध्यपूर्वको सबै भन्दा ठूलो देश साउदी अरबले भारत, पाकिस्तान, बंगलादेशसहित १४ देशका नागरिकहरूलाई केही समय हज भिसामा प्रतिबन्ध लगाएको छ ।

२०२५ को हज यात्रालाई लक्षित गर्दै साउदीले अल्जेरिया, बंगलादेश, इजिप्ट, इथियोपिया, भारत, इन्डोनेसिया, इराक, जोर्डन, मोरोक्को, नाइजेरिया, पाकिस्तान, सुडान, ट्युनिसिया र यमनलाई जुन महिनाको मध्यसम्मका लागि प्रतिबन्ध लगाएको हो । साउदी अधिकारीहरूका अनुसार यही अप्रिल १३, २०२५ सम्म मात्र उमरा भिसा प्रदान गरिने र त्यसपछि नयाँ भिसा सूचीमा रहेका देशका नागरिकहरूलाई हज सकिएपछि मात्र जारी गरिने छ ।

सरकारको यो निर्णय हजमा हुने अत्यधिक भीड व्यवस्थापन तथा सुरक्षालाई ध्यानमा राखेर लिइएको छ । नेपालबाट बर्सेनी हजारौं इस्लामिक धर्मावलम्बीहरू हजका लागि साउदी पुग्ने गरेका छन् ।

विगतका वर्षहरुमा साउदीमा हजका क्रममा हजारौंको मृत्यु हुने गरेको थियो । मुस्लिम धर्ममा पाँच वटा महत्वपूर्ण धार्मिक कार्यमा (आस्था, विश्वास), नमाज (प्रार्थना) रोजा (बैत) जकात (दान) र हज (तीर्थयात्रा) पर्दछन् । हजयात्रीले साउदीको मक्कामा ३० दिन र मदिना १० दिन धार्मिक यात्रा गर्नुपर्दछ ।


**Malaysia मा रोजगार** — **Cemerlang Sekurity Sdn. Bhd.**
पूर्व स्वीकृती मितिः २०८१/१२/२५ चलानी नं. ६०२३५७३१ LTNo. : 321629

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security | 28 | काममा दक्ष | 1700 | ५२,६००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**Hafa Security Services Sdn. Bhd.** पूर्व स्वीकृती मितिः २०८१/१२/२५ चलानी नं. ६०२३५७४४ LTNo. : 321255

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Secuity Guards | 46 | काममा दक्ष | 1700 | ५२,६००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०८२ बैशाख २ गते (15 April, 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौमा हुनेछ ।

**Gulf Star Overseas Pvt. Ltd.** "Your Career Partner"
Lic. No.: 1011/068/069
Samakhushi-10, Kathmandu, Tel.: 01-4970001|4970002|4970003
Email: gulfstar1011@gmail.com URL: gulfstaroverseas.com

**साउदीमा रोजगार**
कम्पनीः Saudi Manpower Solutions Co. शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८१/१२/२५ चलानी नं.: ६०२३५७६२ L.T. No.: 321714

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 100 | 0 | स. काममा दक्ष | 1000 | ३६,२७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख २ गते (15 April 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अन्जुलिमा इन्टरनेशनल प्रा. लि.**
ANJULIMA INT'L People. Factor. Perspective
श्रम इजाजत नं. ७७४/०६५/०६६
पोष्ट बक्स नं. २३२५१, कालीमाटीडोल, एयरपोर्ट, काठमाडौं, फोनः ४५७३१००, ४५७३३००, ४५८८३६९
Email: anjulimaintl@yahoo.com | Web: www.anjulimaintl.com


# गौरमा नेपाल–भारत पत्रकारिता संवाद




**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २५ चैत

रौतहट गौरमा नेपाल-भारत पत्रकारिता संवाद सम्पन्न भएको छ । नेपाल तथा भारतका पत्रकार हरूको बीचमा संवाद र आपसी समझदारी बढाउने उद्देश्यले संवाद कार्यक्रमको आयोजना गरिएको हो ।

घण्टाघर चोकस्थित मध्यान्ह राष्ट्रिय दैनिकको सम्पर्क कार्यालय सभा हलमा सम्पन्न कार्यक्रममा विभिन्न संचारगृहका प्रतिनिधिहरू तथा मिडिया क्षेत्रका विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो । कार्यक्रमका प्रमुख अतिथि इन्डियन जर्नलिस्ट एसोसिएसनका अध्यक्ष सेराज अहमद कुरैसीले नेपाल र भारतका पत्रकारहरूको सुरक्षा र कामकाजी परिस्थितिहरूमा सुधार ल्याउनुपर्ने आवश्यकता रहेको बताए । उनले पत्रकार हरूको सुरक्षा सुनिश्चित गर्नका लागि सरकारबाट सशक्त कदम उठाउनुपर्ने बताउँदै पत्रकारको हत्या, धम्की र अन्य असुरक्षित परिस्थितिहरूलाई गम्भीरताका साथ लिने विषयमा उनले धारणा राखे ।

कुरैसीले भने,'नेपाल र भारतका पत्रकारहरूले रोजगारीका खतरनाक स्थितिहरू भोगिरहेका छन्। यसका साथै, पत्रकारको हत्या हुनु र उनलाई धम्की दिनु सस्तो र अस्वीकृत व्यवहार हो । सरकारले यसलाई रोक्नका लागि कडा कदम चाल्नुपर्छ ।' उनले सरकारसँग आग्रह गरे पत्रकारको सुरक्षा कानुनी रूपमा सुनिश्चित गर्न, मृतक पत्रकारको परिवारको आर्थिक उद्धारका लागि एक सदस्यलाई जागिर दिने व्यवस्था गर्नु र पत्रकारको मुआवज़का बारेमा सुनिश्चितता प्रदान गर्नु अत्यन्त आवश्यक रहेको बताए । साथै, पत्रकारले कुनै पनि नेता वा कर्मचारीको भ्रष्टाचारबारे समाचार सम्प्रेषण गर्दा तिनीहरूबाट धम्की वा अपमानको सामना नगर्नुपर्ने उनको जोड थियो ।

उनले कोरोनाको महामारीका बेला सरकारले पत्रकारहरूको स्थिति र सुरक्षा प्रतिको ध्यान नदिएकोमा गुनासो व्यक्त गर्दै भने, 'सरकारले कोरोनाका बेला प्रहरी प्रशासन र स्वास्थ्यकर्मीलाई सुविधा उपलब्ध गराएको थियो, तर पत्रकारलाई भने ध्यान दिइएन। पत्रकार राष्ट्रका चौथो अंग हुन् र उनीहरूको सुरक्षाका लागि सरकारी कदम अनिवार्य छन् ।'

उनले सरकारले पत्रकार हरूको लागि स्थानीय स्तरमा १० हजार, प्रदेश स्तरमा १५ हजार र राष्ट्रिय स्तरमा २० हजार रुपैयाँ मासिक व्यवस्था गर्नुपर्ने प्रस्ताव गरे । नेपाल र भारतका मिडियाबीचको आपसी सम्बन्ध र सांस्कृतिक आदान-प्रदानलाई प्रवर्द्धन गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने उनले बताए । नेपाल र भारतका मिडिया संस्थाहरूले आफ्ना पत्रकारितामा पारदर्शिता र निष्पक्षताको महत्व दिन थालेका छन् । जसले दुवै देशमा समझदारी र आपसी सम्मानको प्रवर्द्धन गर्ने विश्वास राखिएको छ । कार्यक्रममा प्रतीक दैनिकका पत्रकार शैलेन्द्र झा, मधेश भूमिकाका कार्यकारी सम्पादक राकेश यादवलगायत विभिन्न संचारक्षेत्रका संचारकर्मीहरूको सहभागिता रहेको थियो ।


**Vacancy Announcement**

One of the reputed recruitment manpower agency is seeking for following applicant.

Receptionist - 1 (Female)
Public Relation Officer (PRO) - 1 (Male/Female)

SALARY Negotiable

**Requirements:**
- Educational qualification +2 pass.
- Should know Nepali & English typing, With computer Knowledge.
- Minimum 2 years experience in the recruitment field.
- Send your cv on office mail : signalintl21@gmail.com dilipbhndr@gmail.com

**SIGNAL INTERNATIONAL PVT. LTD.** Govt. Lic. No 758/064/065
P.O. Box. No: 25017, Kupondol, Lalitpur, Nepal, Tel.: +977-1-5905886 / 5905887
Website: www.signalintel.com.np



## कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८१/१२/२६ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ । यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८२ बैशाख ०२ गते मंगलबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

### केन्द्रिय कार्यालय टंगाल, काठमाण्डौ शाखा

**१. ऋणीको विवरण**

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०५३/०१/१३ मा प्रा.लि.नम्बर ४८४४/०५२/५३ कायम भई दर्ता रहेको मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. ०८ स्थित रजिष्टर्ड कार्यालय रहेको **त्रिशक्ति पोली प्याक्स उद्योग प्रा.लि. ।**

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

१. **निगेन्द्र राज न्यौपाने**
ना.प्र.नं.- ४४ १०६४५,
जारी मिति - २०४३/०९/२८, जि.प्र.का. गोरखा
बाबु - योग विलास न्यौपाने
बाजे - रघुनाथ न्यौपान
स्थायी ठेगाना- गोरखा जिल्ला, खोप्लाङ गा.वि.स., वडा नं. ०२
हालको ठेगाना- ललितपुर जिल्ला, ललितपुर म.न.पा., वडा नं. ०४

२. **सरोज थापा**
ना.प्र.नं.- ३० ०१-०६८-२८५७८,
जारी मिति -२०६८/१०/२६, जि.प्र.का. काभ्रेपलाञ्चोक
बाबु - मोहन बहादुर थापा
बाजे - राम बहादुर थापा
स्थायी ठेगाना- काभ्रे जिल्ला, पनौती न.पा., वडा नं. ०१
हालको ठेगाना- मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा., वडा नं. ०८

३. **सविता न्यौपाने**
ना.प्र.नं.- ४४ ३०१०४३/१७७७४८,
जारी मिति - २०६५/१२/०४, जि.प्र.का. गोरखा
बाबु - मोहन बहादुर थापा
बाजे - राम बहादुर थापा
स्थायी ठेगाना- गोरखा जिल्ला, खोप्लाङ गा.वि.स., वडा नं. ०२
हालको ठेगाना- ललितपुर जिल्ला, ललितपुर म.न.पा., वडा नं. ०४

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **सरोज थापा**को नाममा मालपोत कार्यालय, काभ्रेपलाञ्चोकमा दर्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला, सुब्बागाँउ गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. १९१९ र २२९५ को क्षे.फ. क्रमशः ०-९-०-३ र ०-९-१-० (रोपनी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
२. **सविता न्यौपाने (थापा)**को नाममा मालपोत कार्यालय, मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हटीया गा.वि.स., वडा नं. ४ स्थित कित्ता नं. ५४५८, ६२४०, १०९६, ५७६, ६६३०, ६६३१ र ६२३९ को क्षे.फ. क्रमशः ०-७-०, ०-२-१३.५, ०-१२-०, ०-८-१५, ०-१-०, ०-१-२ र ०-७-० (वि.क.धु) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।
३. ऋणी **त्रिशक्ति पोली प्याक्स उद्योग प्रा.लि.**को स्वामित्वमा मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा., वडा नं. ८ स्थित कित्ता नं. ६१६ को क्षेत्रफल ०-२०-२०-४ (वि.क.धु.क) मा रहेको सम्पूर्ण चल अचल श्रीसम्पत्ति (Fixed Assets, Stock, Receivable, Plant and Machinery) तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोवाट उत्पन्न दायित्वको हदसम्म धनि बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

### निजगढ, बारा शाखा

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा मिति २०६१/३/१५ मा प्रा.लि. २९००९/०६०/६१, स्थायी लेखा नं ३०१६२७६८९ कायम भै दर्ता भएको हरिवन गा.वि.स. वडा नं ६ सर्लाहीमा रजिष्टर्ड कार्यालय रही हाल हरिवन न.पा. वडा नं १० सुकेपोखरी स्थित **मोडेल युरीका एकेडमी सर्लाही प्रा.लि. ।**
**सञ्चालक बेदनिधी उप्रेती**

**लिलाम हुने सम्पत्तिको विवरण**

१. **मोडेल युरिका एकेडेमी सर्लाही प्राइभेट लि.**को नाममा मालपोत कार्यालय, मंलगवा सर्लाहीमा दर्ता कायम रहेको सलार्ही जिल्ला, हरिवन गा.वि.स. वडा नं ६।ङ स्थित कित्ता नं. ११८, ११९, १२२, १२३ को क्षे.फ. क्रमशः क्षे.फ ००५०८.००, ००५०८.००, ००५०८.०० र ००५०८.०० (व.मी) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण**

१. **बेदनिधी उप्रेती**
ना.प्र.नं.- ३६४१११११९
जारी मिति - २०५३/१/४ जि.प्र.का. सर्लाही
बाबु - हिरालाल उप्रेती
बाजे - रुद्रलाल उप्रेती
स्थायी ठेगाना- सर्लाही जिल्ला, हरिवन गा.वि.स., वडा नं. ४
हालको ठेगाना- सर्लाही जिल्ला हरिवान न.पा. वडा नं. ९

२. **हिरालाल उप्रेती**
ना.प्र.नं.- ३१३४/४२९५
जारी मिति - २०३८/२/२१ जि.प्र.का. सर्लाही
बाबु - रुद्रलाल उप्रेती
बाजे - कुम्भनाथ उप्रेती
स्थायी ठेगाना- सर्लाही जिल्ला, हरिवन गा.वि.स., वडा नं. ४
हालको ठेगाना- सर्लाही जिल्ला हरिवान न.पा. वडा नं. ९

३. **बन्दना उप्रेती**
ना.प्र.नं.- १२८४३
जारी मिति - २०५४/१२/०९, जि.प्र.का. चितवन
बाबु - बलराम के.सी
बाजे - नुतन बहादुर खत्री
पति :- बेदनिधी उप्रेती
ससुरा :- हिरालाल उप्रेती
स्थायी ठेगाना- चितवन जिल्ला, भरतपुर न.पा., वडा नं. ५
हालको ठेगाना- सर्लाही जिल्ला हरिवन न.पा. वडा नं. ९

४. **कृष्ण कुमारी**
ना.प्र.नं.- ३६४११००३
जारी मिति - २०३७/१०/०२, जि.प्र.का. सर्लाही
बाबु - टिका प्रसाद प्रसाई
पति :- हिरालाल उप्रेती
ससुरा :-रुद्रलाल उप्रेती
स्थायी ठेगाना- सर्लाही जिल्ला, हरिवन न.पा., वडा नं. ४
हालको ठेगाना- सर्लाही जिल्ला हरिवन न.पा. वडा नं. ९

### टीकापुर शाखा

**१. ऋणीको विवरण**

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण बिभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय धनगढी, कैलालीमा मिति २०७७/०४/०७ मा प्रा.फ.र.नं. २८५५४/०७७/७८, स्थानीय व्यापार कायम भई दर्ता रहेको कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. ४ स्थित रजिष्टर्ड कार्यालय रहेको **न्यु अन्नपूर्ण गल्ला भण्डार ।**
**प्रोप्राइटर राधिका खड्का**

**लिलाम हुने सम्पतिको विवरण**

१. **ललित खड्का**को नाममा मालपोत कार्यालय टीकापुरमा दर्ता कायम रहेको कैलाली जिल्ला, दुर्गौली गा.वि.स., वडा नं.०८ स्थित कित्ता नं. १८३९ को क्षेत्रफल ०-६-१२-० (बि.क.धु.क) र ऐ.ऐ बलीया गा.वि.स. वडा नं.०७ स्थित कित्ता नं. २१४ को क्षेत्रफल ०-१६-०-० (बि.क.धु.क) घर/जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

**व्यक्तिगत जमानीकर्ताको विवरण**

१. **ललित खड्का**
ना.प्र.नं.- ४५७४/५,
जारी मिति - २०६०/११/०४, जि.प्र.का. दैलेख
बाबु - बलाराम खड्का
बाजे- उदय राज खड्का
स्थायी ठेगाना- दैलेख जिल्ला, लयाँटीबिन्द्रासैनी गा.वि.स., वडा नं. ६
हालको ठेगाना- कैलाली जिल्ला, टिकापुर न.पा., वडा नं. ४

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितीले ७ औं दिन अर्थात मिति २०८२ बैशाख ०१ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितीले ८ औं दिन अर्थात मिति २०८२ बैशाख ०२ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८२ बैशाख ०२ गते मंगलबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१–५३४६९९१**

मध्यान्ह
www.madhyanhadaily.com
२५ चैत २०८१ मंगलबार
8 April 2025, Tuesday

सम्पादकीय

# जनस्वास्थ्यमा रमिते सरकार

एक सातादेखि राजधानी उपत्यकासहित देशका प्रमुख शहरहरूमा बढेको वायु प्रदुषणले श्वास फेर्नै मुस्किल भएको छ । राजधानी काठमाडौंमा आँखा पोल्नेगरी प्रदूषण छ । प्रदूषित वायुका कारण रूघाखोकी लाग्ने, टाउको दुख्ने, आँखा पोल्ने, घाँटी खसखसाउने जस्ता समस्याहरू बढेका छन् । वायु प्रदूषणका कारण अस्पतालहरूमा बिरामी संख्या बढेको छ । दीर्घ रोग, बालबालिका र कमजोर स्वास्थ्य अवस्थाका मानिसहरूलाई थप समस्या देखिएको छ । बातावरण विभागले देशभर राखेको मापन केन्द्रहरूको रिपोर्टअनुसार अधिकांश शहरको वायु प्रदूषित छ । विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ)को मापदण्डबमोजिम एक्यूआईको मान १०० भन्दा कम भए वायु श्वास फेर्न सुरक्षित मानिन्छ । तर, मापन केन्द्रहरूले राजधानीसहित शहरहरूमा एक्यूआई १०० भन्दा बढी भएको देखाएका छन् ।

डब्ल्यूएचओकै मापदण्डअनुसार एअर क्वालिटी इन्डेक्स (एक्यूआई) १५० भन्दा माथि भएमा समस्या देखिन थाल्छ । २०० भन्दा माथि भए अस्वस्थ्यकर, ३०० भन्दा माथि भए हानिकारक र ४०० भन्दा माथि भए गम्भीर मानिन्छ । एक्यूआई ३०० पुगे संकटकाल लगाउने अभ्यास रहने गरेको छ । नेपालमा यसअघि त्यस्तो अभ्यास भएको छ । यस पटक वायु प्रदूषणको सूचक ३०० पुगेको छैन । यद्यपि, वायु प्रदूषणको अवधि लम्बिएर गएको छ । अघिल्ला वर्षहरूमा पनि चैत-वैशाखको महिनामा वायु प्रदूषित हुने गरेको थियो तर वर्षा हुँदा चाँडै प्रदूषित वायु हटेर जाने गरेको थियो । यस पटक पानी पर्न सकेको छैन तसर्थ जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने वायुकै बाबजुत आमदिनचर्या चलिरहेको छ ।

सरकारले वायु प्रदूषणबाट नागरिकको जीवन रक्षाका निम्ति कुनै ठोस कदम चालेको छैन । सरोकारवालाहरूले कम्तीमा बालबालिका, वृद्धवृद्धा जस्ता उमेर समूहलाई जोगाउनेगरी निर्णय गर्नुपर्ने सुझाव दिइरहेका छन् । सरकारचाहिँ 'भगवान् भरोसा'मा देखिन्छ । कहिले वर्षा हुन्छ र वायु प्रदूषण हट्छ भन्ने आशामा सरकार छ । यसरी अल्पकालीन कदम चाल्नसमेत आनाकानी गर्ने सरकारले दीर्घकालीन योजना ल्याउनेमा ढुक्क हुन सकिँदैन । भारत जस्ता औद्योगिक मुलुकको छिमेकी भएकाले पनि नेपालले दीर्घकालीन समाधानको पहलकदमी र आवाज उठाउन जरूरी हो । हाम्रै परिवेशको कुरा गर्दा पनि आगलागी नियन्त्रण वायु प्रदूषण न्यूनीकरणको एक विकल्प हो । पर्यावरण जोगाउनेगरी गर्नुपर्ने अरू थुप्रै काम छन् तर तत्काललाई भने जोखिमयुक्त उमेर समूहका नागरिकको जीवन रक्षा गर्नेगरी सरकारले आवश्यक निर्णय लिनुपर्छ ।

# लोकतन्त्रमा विकृतिको पोको

*देशको आर्थिक अवस्था दुरुह छ । नाना, खाना, छानाका लागि नेपालीहरु दिन पर दिन घर छाड्दै छन्, खाडी पस्दै छन् र नसक्नेहरु लासमा फर्कँदै पनि छन् । गाउँ रित्तो, शहर बेरोजगार, सामाजिक विकृतिले देश लथालिंग छ । पूर्वाधारहरु गतिला बनेनन् । भएका पनि असार नलाग्दै ढल्ने, गल्ने गरेका छन्...*

अग्रलेख




● अच्युतप्रसाद पौडेल 'चिन्तन'

*लोकतन्त्र केही परिवार, सीमित व्यक्ति तथा नेताका लागि आएको छ । तर, जनताका लागि लोकतन्त्र अनुभूत गर्ने विषय बन्न सकेको छैन । न जनताले नानामा लोकतन्त्रको अनुभूत गर्न सकेका छन्, न त छानामा, न स्वास्थ्य, शिक्षा र रोजगारीका कुरामा...*

विकृतिको पोको बोकेर लोकतन्त्र बसेको छ हाम्रो देशमा । कुनै सूचकहरू सकारात्मक देखिँदैनन् । संसद्को हिउँदे अधिवेशन अन्त्य भइसक्दा न निजामती विधेयक वा शैक्षिक विधेयक नै पास गरियो बरु पेलपाल गरेर अध्यादेश पास गरियो ।

प्रतिस्थापन विधेयकहरू जबरजस्त पास गर्नासाथ पसल बन्द गरेजस्तै गरी संसद् बन्द गरियो । आमनेपालीहरूका आकांक्षाहरूमा डण्डा वर्षा गराउने नेतृत्व अहिले नानाथरिको गालीगलौजमा उत्रेको छ भने संघीयताको वास्तविक रूप सिंहदरबार र काठमाडौं महानगरको दुरीले स्पष्ट पारेको छ ।




कर्मचारी नपठाउने र भएको कर्मचारीसँग विवाद गरिरहने, कर्मचारीको कोठा बन्द गर्ने, जुलुस लिएर कोठा खोल्नुपर्ने, हाजिर कापीमा हाजिर गर्न नपाउने असुविधाहरू पनि छन् देशमा । ढोका फोरेर कर्मचारीले सिट लिनुपर्ने यो गणतन्त्र रहेसम्म सर्वथा निजामती सेवा पंगु नै भइरहने हो । यति कष्टकर समय सायद इतिहासमा थिएन पहिले ।

यी पंक्ति तयार गरिरहँदा देशभरिका शिक्षकहरू काठमाडौं ओइरिएका छन्, सडकमा पोखिएका छन्, अनिश्चितकालीन सडक प्रदर्शन भन्दै छन् । यो क्रम नयाँ होइन, विगत एक सालअघिको गति पनि यही थियो । इतिहासमा पहिलो पटक ७ असारमा एसईईको नतिजा प्रकाशन गर्ने अगाडि नै दिन तोकिएको छ । पहिले-पहिले दिन नतोकिए पनि असारको पहिलो सातामा परिणाम आइसक्थ्यो ।

हिजोआज शिक्षकहरूले कुनै परीक्षाको कापी नकाट्ने भनिँदै छ, यसअघि पारिश्रमिक वृद्धि नगरे कापी परीक्षण नगर्ने भनिएको थियो । विद्यालयमा अहिले मात्र होइन, धेरै वर्षदेखि नै शिक्षा वा विद्याको विक्री हुन्न, वस्तुको विक्री हुन्छ ।

वैशाख लाग्न नपाई अभिभावकहरूको कम्मर भाँचिनेगरी स्कुले सन्तानको बिल आउँछ, कतैबाट नियन्त्रण छैन, लूट नै छ । पालिकाहरूलाई झन् राम्रो भएको छ अहिले विद्यालयहरूबाट खादा, माला लाउन पाइने, चुँ बोल्न नपर्ने आफ्नै भाइ-भतिजाहरूले चलाएका स्कुल भनेर । लोकतन्त्र आएसँगै हरक्षेत्रमा परिवारवाद हाबी भएको छ । उद्योग, कलकारखाना त ध्वस्तप्रायः नै छन्, व्यापारीहरू राजनीतिको ओढ्ने ओढेर व्यापार गर्छन्, बजार मनपरी छ ।

उपभोक्ता हित संरक्षण कानुन आफैं बोल्दैन । अब त देखाउनैका लागि भए पनि काठमाडौं उपत्यका सीमित उपभोक्ता अदालत पनि आइसकेको छ । खानामा विषादी, मन, वचन, कर्ममा अशुद्धता, बोली एक, कर्म अर्कै लोकतन्त्रको सुन्दरता भएको छ ।

तीनकुने घटनामा के-कस्तो भयो, सरकारको कति तयारी रहेछ, खुल्दै छ । बिस्तारै फुटेजहरू बाहिर आउन थालेका छन् । आवश्यक पर्दा यन्त्र र षडचन्त्र चलाउन कोहीभन्दा कोही कम छैनन् । अभ्यस्त भएकाहरूलाई त यी काम सामान्य नै भइहाले ।

देशको आर्थिक अवस्था दुरुह छ । नाना, खाना, छानाका लागि नेपालीहरू दिन पर दिन घर छाड्दै छन्, खाडी पस्दै छन् र नसक्नेहरू लासमा फर्कँदै पनि छन् । गाउँ रित्तो, शहर बेरोजगार, सामाजिक विकृतिले देश लथालिंग छ । पूर्वाधारहरू गतिला बनेनन् । भएका पनि असार नलाग्दै ढल्ने, गल्ने गरेका छन् । धारामा पानी नआउने, हजारौं नदीनाला खेर जाने, बिजुली अरू देशबाट आयात गरिने, खाद्यान्नको कोटा अरूले तोकिदिनुपर्ने, उच्च व्यापारघाटा र उच्च ऋण, उच्च प्रदूषणमै परेको छ देश ।

संसारमा धेरै सरकार हुने देश पनि यही भएको छ र सरकारले सर्भिस डेलिभरी गर्नु भन्दा पनि कर कलेक्सन गरेर आफन्तलाई पोस्नु उत्तम मानेको छ । अस्थिर राजनीति र अस्थिर सरकारको पहिलो नमुना देश बनेको छ नेपाल ।

यहाँ कसैले रोजगारी पाउँदैनन्, पाउने रोजगारी भनेको राजनीतिक रोजगारी मात्र हो । नेता उत्पादन गरी देशलाई सुख्खाराम बनाउने थलो बनेको छ नेपाली भूमि र विदेशीहरूका लागि फूलबारी बनेको छ ।

हाम्रा नेताहरू सयौं वर्षअघिका नेताहरूका फोटो ढोग्छन् र तिनकै नाममा राजनीति गर्छन्, जबकि ती फोटोले यो देशलाई देखेका पनि थिएनन् होला । देश बनाउनेहरूलाई दुत्कार्ने गरिन्छ, अवहेलना गरिन्छ, इतिहासको विरासत के हो, थाहा छैन ।

धर्म, संस्कृति र संस्कारलाई त्यागेर हावामा मौलिक महलको कल्पना गरिँदै छ । आर्थिक विकास दर धीमा छ, चालू खर्च धान्नै नसकिने र विकास खर्च धेरै कम अनि विदेशी लगानी र अनुदान, सहयोग घट्दो छ, उत्पादन आफ्नो नहुँदा व्यापारघाटा बढ्दै छ । प्रशासनिक संयन्त्रहरू अनगिन्ती छन्, समन्वयको अभाव छ, सबैजसो छाडा छन्, एकताको अभाव छ । टोलटोलमै राजपत्र प्रकाशन गर्ने ध्याउन्नमा पालिकाहरू लागेका छन् । स्थानीय कच्चा पदार्थ, सीप, श्रम, लगानी प्रयोग गरेर आत्मनिर्भरतातिर उन्मुख हुनु भन्दा पनि परनिर्भरताको बाटो अँगालिरहेको अवस्था छ ।

नेपालमा हुने भनेको घरेलु, साना उद्योग हो, हस्तकला, जडीबुटी, निकासीका सामग्री हुन् तर देशमा लगानीको वातावरण नै छैन, साना उद्यमी, लगानीकर्ताहरू हतोत्साहित भएका छन्, उद्योग छाडेर छिटो कमाऊ धन्दा व्यापारतिर नै लागेका छन् र सकेसम्म सेटिङ मिलाउन राजनीतिमै पस्ने दाउमा छन् ।

देशमा शान्ति सुरक्षाको पनि अवस्था दयनीय नै छ । आन्दोलनको आह्वान हुँदा जति भीडको आँकलन गरिन्छ, त्यही संख्यामा सुरक्षाकर्मी राख्दा पनि शान्ति स्थापित भएको अवस्था छैन । नेताहरूका नाममा उग्र विरोधका नाराहरू लागेका छन् सडकमा तर पनि नेताहरूको सच्चिनेतिर ध्यान गएको देखिँदैन । सेवा सुविधा बढाउनैतिर र कमाऊ धन्दामै लागेका छन् ।

देशको विषम आर्थिक परिवेशमा खर्च कटौती गरेर आमनेपालीको हित हेरौं न त भन्नेहरूको यहाँ ज्यादै कमी भएको छ । नेता आफू बने, देश भने बनेन । खर्चालु गणतन्त्र, खर्चालु संघीयता र लोकतन्त्र देशका लागि अभिशाप भइरहेको छ ।

## इतिहासमा आज

८ अप्रिल १९३१ मा लन्डनमा 'ह्वाइट हर्स इन' खोलिएको थियो ।



८ अप्रिल १९६५ मा भारत र पाकिस्तानी सेनाबीच सीमा युद्ध भएको थियो ।



८ अप्रिल १९७७ मा इजरायली प्रधानमन्त्री यित्जाक रबिनले राजीनामा दिएका थिए ।



८ अप्रिल १९९७ मा माइक्रोसफ्टले इन्टरनेट एक्सप्लोरर ४ बिटा जारी गरेको थियो ।





## सामाजिक सञ्जाल



**तारानाथ दाहाल**

समाजमा अन्धप्रचारक, चाकडीबाज, आत्मप्रशंसक र गालीबाज-निन्दकको भीड छ र त्यसले सहज मैदान पाएको छ-डिजिटल संजाल । चाहिएको त निर्भीक, तथ्य र प्रमाणमा बोल्ने, निर्धक्क सत्यको पक्षमा उभिने र सहिष्णु तर प्रस्ट तर्क र धारणा राख्ने मानिसहरू- ताकि, समाजले सही सूचना पाएर सही विचार बनाउन सकोस् ।



**नारायण अमृत**

जनताको मुद्दा, समाजको मुद्दा, संविधान या कानुनको मुद्दामा रवि लामिछाने जेलयात्रा गरेको भए राजनीतिक प्रकरण हुन्थ्यो यो । यो त विशुद्ध सहकारी ठगीको मुद्दा हो । जनतामारा मुद्दा हो । यो सिधासिधा अपराधको मुद्दा हो । त्यसैले, यो प्रकरणमा न भावुकताको स्थान छ, न त राजनीतिक दर्शनको नै । कार्यकर्ताको चिच्याहट र बिलौना आफ्नो ठाउँमा होला तर यो मुद्दालाई वस्तुपरक हिसाबले किनारामा पुग्न दिनु नै बेस हुन्छ ।



**राधाकृष्ण कटवाल**

धर्मकर्म गर्नुपर्छ तर सार्वजनिक बिदाबिना चाडपर्व, धर्म नहुने बुझाइ गलत हो । देशमा रेमिटचान्स आउने थिएन भने आजभन्दा ५-१० वर्षअघि नै 'देश महासंकटमा' परिसकेको हुन्थ्यो । ६/६ महिनामा दसैं, महिनैपिच्छे ल्होसार, इद र जात्रा हुने देशको ऋण भने २७ खर्ब पुगेको छ । १ दिनमा ४ अर्ब घाटा हुन्छ ।



**ओमकुमार थापा**

राजनीतिक दलहरूको विकल्प एउटा व्यक्ति, केही व्यक्तिहरूको समूह र सेन्टिमेन्टमा बगेका केही जत्थाहरू हुन सक्दैनन् । राजनीतिक दलहरूमा व्यापक जनअसन्तुष्टि छ तर दलहरू सच्चिनुको कुनै विकल्प छैन । जनताको आवाज सुन्न र सच्चिन नसक्नेहरू इतिहासको पानामा सीमित हुने निश्चित छ । के गर्ने, आजैबाट गरौं ।

# राजसंस्थाको व्यर्थ बहस

विचार



● नरेन्द्रमान श्रेष्ठ

*जनता अहिलेको अवस्थाप्रति असन्तुष्ट छन् । जनताले व्यवस्था होइन, अवस्थाको परिवर्तन खोजेका छन् । जनताले अवस्थाको परिवर्तन गुणात्मक दरले चाहेका छन् । तर, यो होइन कि जनताले फेरि पुरानै खोजेका छन् । यदि जनताले पुरानै खोजे भन्ने भाष्य बनाइयो भने त्यो सत प्रतिशत गलत हुने छ...*

पछिल्लो समयमा देशमा राजनीतिक सरगर्मी बढेर गइरहेको छ । राजसंस्थावादीहरू व्यवस्था फर्काउने नाममा क्रमशः सडकमा देखिन थालेका छन् । देशमा देखिएको बेथिति राजसंस्था फर्किंदा ठीक हुने भनाइ राजसंस्थावादीहरूको छ ।

तर, के राजसंस्थावादीले भनेजस्तै अवस्था छ त ? सँगै, राजसंस्थावादीले भनेको राजा कस्तो हो ? २०४७ सालपछिको संवैधानिक राजा कि अघिको ? पञ्चायती व्यवस्थाको चाहिएको भए बहस बेग्लै गर्नुपर्ला, त्यसपछिको चाहिएको भए के फरक होला र ?

मुलुकको मुख्य बेथिति विकास निर्माणको काम हुन नसक्नु र भएकामा पनि अत्यधिक भ्रष्टाचार हुनु हो । के राजा आउँदैमा यो समाधान हुन्छ त ? आज मुलुकको सबैभन्दा ठूलो समस्या बेरोजगारीको समस्या हो । के राजसंस्था फर्किंदैमा यो समाधान हुन्छ त ? फेरि यी समस्याको समाधान गर्न किन राजा नै चाहियो ? के राजाबिना पनि यी समस्याको समाधान गर्न सकिन्नँ र ?

अहिलेका राजावादीहरूले नै भनिरहेका छन्, उनीहरू हिन्दु राष्ट्र र सेरेमोनियल राजा चाहन्छन् । तर, के सेरेमोनियल राजसंस्था हुँदैमा सबै ठीकठाक हुन्छ त ? सँगै, अर्को प्रश्न उब्जिएको छ- के फेरि राजसंस्था फाल्नलाई अर्को आन्दोलनको पनि जोहो गर्नुपर्ने हो ? किनकि, विगतमा सेरेमोनियल राजसंस्था भनिएकाले जनताका अधिकार खोसेका छन्, कुल्चेका छन्, निरंकुशता लादेका छन्, जनतामाथि अत्याचार गरेका छन्, जनतालाई सडकमा आउन बाध्य पारेका छन् ।

२१औं शताब्दीको बुझाइअनुसार विश्वमा गणतन्त्र नै निर्विकल्प व्यवस्था हो । यदि समय बदलिएमा, समाज विज्ञानको नियम बदलिएमा गणतन्त्र थप सुदृढ होला तर गणतन्त्रको विकल्प योभन्दा पछाडि फर्किने होइन । न पञ्चायती व्यवस्था यसको विकल्प हो, न त कुनै निरंकुश व्यवस्था ।

नेपालले धेरै राजनीतिक उतारचढाव बेहोरिसक्यो । नेपालले अब पनि फेरि त्यही उतारचढाव बेहोर्न सक्दैन । अहिलेको आवश्यकता व्यवस्थाको परिवर्तन होइन, अवस्थाको हो । राजसंस्थाको नाममा उठेको फुटकर माग अवस्थाको परिवर्तन हुन नसक्दा हो । तर, यसको विकल्प पुनः पछाडि फर्किने वा व्यवस्था नै बदल्ने भन्नेचाहिँ पक्कै होइन ।

सँगै, राजसंस्थाकालीन समय कति ठीक भनेर पनि दाँज्न सक्छौं । जनताले पूर्ण अधिकार प्राप्त गरेको डेढ दशक नाघेको छ । त्योभन्दा अघि २०४६ देखि २०५८ सालसम्म जनताले आंशिक अधिकार पाएका थिए । पूर्ण अधिकार पाएपश्चात् विकास र आंशिक अधिकार पाउँदा वा त्योभन्दा अघिको विकासको गतिलाई के तुलनामा गर्न सक्छौं ?

के अहिले जस्तै २०४६ सालभन्दा अघि विकास भएको थियो ? के अहिले जस्तै शिक्षा, स्वास्थ्य, सडक यातायातलगायतका विषयमा विकास भएको थियो ? के अहिलेको जस्तै नागरिकको जीवनस्तर विकसित थियो ? भ्रममा पर्न हुँदैन, राजसंस्थाकालीन समय स्वर्ण युग थियो भनेर । त्यो निकै अँध्यारो युग थियो । मुट्ठीभरको शासन । मुट्ठीभरको भागबन्डामा चलेको परिपाटीलाई हामीले उज्यालो युग मान्न सकिन्नँ ।

निष्कर्षमा, जनता अहिलेको अवस्थाप्रति असन्तुष्ट छन् । जनताले व्यवस्था होइन, अवस्थाको परिवर्तन खोजेका छन् । जनताले अवस्थाको परिवर्तन गुणात्मक दरले चाहेका छन् । तर, यो होइन कि जनताले फेरि पुरानै खोजेका छन् ।

यदि जनताले पुरानै खोजे भन्ने भाष्य बनाइयो भने त्यो सत प्रतिशत गलत हुने छ । यदि पुरानै आउने अवस्था भएमा पनि त्यसले अर्को ठूलो दुर्घटना निम्त्याउन सक्छ । त्यसैले, बेलैमा जनताको चाहनाको सही मूल्यांकन गरौं । भ्रममा नपरौं ।

**मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.**

# आतिथ्य संस्कार र स्वादको नेतृत्व गर्दै होटल पौवा

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, २५ चैत ।




'जहाँबाट आतिथ्यको सुरुवात हुन्छ' भन्ने मूल मन्त्रका साथ नेपाली हस्पिटालिटी सहितको सेवा दिइरहेको होटल पौवाले १८ वटा शाखाबाट सेवा दिइरहेको छ। लुम्बिनी प्रदेशबाट सेवा सुरु गरेर ९ वर्षमा १८ वटा शाखा पुर्‍याएको होटेल पौवाले ७ सय भन्दा बढीलाई प्रत्यक्ष रोजगारी समेत दिएको छ । नेपालीमा विदेशी चेन होटलको आगमन हुँदै गर्दा नेपाली ब्राण्डको रूपमा यसले आफ्नो रफ्तारलाई थप बढाएको छ। आतिथ्य सत्कार र स्वादको नेतृत्वको रूपमा होटल पौवाले स्थापनादेखि नै आफूलाई स्थापित गर्न सफल भएको दाबी गर्ने गर्छ।

अहिले होटल पौवाका अध्यक्ष दुर्गाप्रसाद भण्डारीले नेपालगन्जमा पाँचतारे होटल 'पौवा वेस्ट्रन' बनिरहेको बताएका छन्। 'नेपाल आउने उच्चकोटीका विदेशी पर्यटकलाई नेपालको हस्पिटालिटी, संस्कार र स्वाद 'पौवा वेस्ट्रन' दिन्छ', उनले भने। 'पौवा वेस्ट्रन' नेपाल झल्किनेगरी निमार्ण भइरहेको छ। पहिलो चरण अन्तरगत अत्याधुनिक सभा हल तथा नेपाली रेस्टुरेन्ट सुरु भएको छ भने आगामी दुई वर्ष भित्र पुर्ण रूपमा सञ्चालनमा आउनेगरी निर्माणको काम भइरहेको छ।'

'पौवा वेस्ट्रन' फरक-फरक नेपाली स्वाद प्रतिनिधित्व गर्नेगरी ५ वटा रेष्टुरेन्ट, साना ठूलागरी १८ वटा सभा हल बन्दैछन्। होटलमा ७ वटा स्वीट रुम सहित ९६ वटा डिलक्स रुम क्यासिनो, वेलनेस सेन्टर, स्विमिङदेखि योगहलसम्मको व्यवस्था हुने अध्यक्ष भण्डारीले बताए।

पौवाका उपाध्यक्ष ध्रुवराज न्यौपानेले आगामी १० वर्षमा सय वटा होटल खोल्ने र ५ हजारजनालाई रोजगारी दिनेसक्नेगरी देशभर पौवाको विस्तार गर्ने उद्देश्य रहेको बताए। 'नेपाली लगानीकर्ताले नै देशकै उत्कृष्ट चेन होटलको व्यवस्थापन गर्न सक्षम छन, नेपाल घुम्ने आन्तरिक र विदेशी पर्यटकको लागि नेपाली संस्कार, खाना, संस्कृतिलाई चिनाउन काम होटल पौवाले बिगत ८ वर्षदेखि गरिरहेको छ', उनले भने 'नेपाली आतिथ्यता देशभरकै १८ वटा होटल पौवाका शाखामा देख्न सकिन्छ।'

होटल पौवाले ३ वटा मोडेलमा आफ्नो शाखा बिस्तार गर्ने गरेको छ। पहिलो मोडेलमा आफ्नै लगानी र स्वामित्वमा सेवा दिने, दोस्रो स्थानीय साझेदारसँग संस्थागत साझेदारीमा सेवा दिने र तेस्रो मोडेलमा होटलको सम्पूर्ण व्यवस्थापन गर्ने। पछिल्लो समय होटल क्षेत्रमा लगानी गर्ने तर, सञ्चालन गर्न नसक्ने होटललाई पौवाको व्यवस्थापकीय टिमले चलाउन सहयोग समेत गर्ने गरेको छ। नेपाली संस्कार, संस्कृति र स्वादलाई निरन्तर विस्तार गरिरहेको नेपालीको अग्रणी होटल पौवाले यतिबेला आफ्नो नवौं वार्षिकोत्सवको अवसरमा स्वाद उत्सव मनाइरहेको छ। सोमबारबाट सुरु भएको स्वाद उत्सव शुक्रबारसम्म चल्ने ब्राण्डिङ प्रमुख विष्णु भण्डारीले बताए। ५ दिनसम्म चल्ने स्वाद उत्सवमा हरेक दिन फरक-फरक पौवाको नेपाली स्वाद निःशुल्क लिन सकिने छ। पौवाले नेपाली स्वाद, संस्कृति र आतिथ्य संस्कारलाई राष्ट्रिय तथा अन्तर ाष्ट्रिय स्तरमा चिनाउने लक्ष्यका उत्सवकै रूपमा मनाइरहेको भण्डारीको भनाइ छ।

उत्सवमा पौवाका सेफहरूबीच नै स्वस्थ प्रतिस्पर्धा, स्थानीय उत्पादनबाट बन्ने परिकार, नेपालमै फलेको खाद्य पदार्थ एवं तरकारीका परिकारको स्वाद देशभरकै १८ वटा शाखामा राखिएको छ।

# 'मुक्तिनाथ पकेट मनी बचत खाता' संचालनमा

**काठमाडौं/मस** – मुक्तिनाथ विकास बैंकले १५ देखि १८ वर्षका युवापुस्तालक्षित 'मुक्तिनाथ पकेट मनी बचत खाता' सञ्चालनमा ल्याएको छ। बैंकले विशेष गरी भर्खरै एसईई परीक्षा दिएर बसेका विद्यार्थीहरूलाई फाइदा पुग्ने सो खाता सञ्चालनमा ल्याएको हो।

सो उमेर समूहका ग्राहकहरूलाई बैंकिङ क्षेत्रमा आकर्षित गर्न, डिजिटल बैंकिङ प्रोत्साहन गर्न, बचतको महत्व बुझाउन र विद्युतीय कारोबारमा निहित जोखिमसम्बन्धी साक्षरता प्रदान गर्न यो बचत खाताले मद्दत गर्ने बताइएको छ। मुक्तिनाथ पकेट मनी बचत खातामा न्यूनतम ५० रुपैयाँ मौज्दात राखेर खाता खोल्ने प्रत्येक ग्राहकहरूलाई बैंकले अर्धमासिक तथा मासिक रूपमा एकपटक निःशुल्क वित्तीय साक्षरता तथा विद्युतीय कारोबारको जोखिमसम्बन्धी ज्ञान प्रदान गर्नेछ। यो खाता खोल्ने ग्राहकले १८ वर्ष नपुगुञ्जेलसम्मका लागि निःशुल्क मोबाइल बैंकिङ सुविधा प्राप्त गर्नेछन्। बैंकले हालै मोबाईल एक फाइदा अनेक लिन सक्ने मुक्तिनाथ फाइदा एप पनि सञ्चालनमा ल्याएको छ। त्यसैगरी, मोबाइल बैंकिङ, क्यूआर कोड स्क्यान, अनलाइन कर्जा आवेदन, अनलाइन खाता खोल्ने, इन्टरनेट बैंकिङ, खातामै रेमिट्यान्स जम्मा आदि जस्ता कार्यहरू बैंकको शाखामा उपस्थित नभई घरबाट गर्न सकिने व्यवस्था गरिएको छ।

# सीजीको 'लेभल अप ! विथ सीजी लाइफ हुन्छ इजी'



**काठमाडौं/मस** – सीजीले नयाँ वर्ष अफर ल्याएको छ। कम्पनीले 'लेभल अप विथ सीजी, लाइफ हुन्छ इजी' योजना सार्वजनिक गरेको हो। यही चैत २२ देखि लागू भएको योजनाअनुसार ग्राहकले सीजीको होम इन्टरटेन्मेन्ट र होम अप्लायन्सेस उत्पादनहरूको खरिदमा क्यासब्याकदेखि अन्य पक्का उपहारहरू पाउनेछन्।

कम्पनीकाअनुसार ग्राहकले ६१ हजार ८ सय रुपैयाँसम्म क्यासब्याक पाउन सक्नेछन्। त्यसैगरी पक्का उपहारअन्तर्गत सीजी मेरिडिया गुगल टिभी (६५ देखि एक सय इन्च) खरिदमा २.१ स्पिकर, सेमिअटोमेटिक र टपलोड वासिङ मेसिन खरिदमा दुई किलो एरियल पाउडर, फ्रन्टलोड वासिङ मेसिनको खरिदमा ६ किलोको एरियल पाउडर पाउनेछन्।

यसबाहेक साइड बाई साइड र मल्टिडोर रेफ्रिजेरेटरको खरिदमा मिक्सर ग्राइन्डर, डिशवासर खरिदमा डिशवासर किट र एयर कन्डिसन खरिदमा निःशुल्क इन्स्टलेसन सेवा पाउने कम्पनीले जनाएको छ। सीजी डिजिटलका आउटलेट र देशैभरका च्यानल पार्टनरबाट यो योजनामा सहभागी हुन सकिने छ।

# नबिल बैंकले ल्यायो 'नबिल दिगो बचत खाता'




**काठमाडौं/मस** – नबिल बैंकले दिगो विकास र कार्बन उत्सर्जन न्यूनीकरण र नियन्त्रणलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ बैंकिङ क्षेत्रमा नौलो र प्रभावकारी किसिमको खाता 'नबिल दिगो बचत खाता'को सुरुआत गरेको छ। नेपालले सन् २०४५ सम्म शून्य कार्बन उत्सर्जनको लक्ष्य राखेको सन्दर्भमा बैंकले दिगो विकास तथा दिगो बैंकिङको दृष्टिकोण अनुरूप सो बचत खाता सञ्चालनमा ल्याएको हो। यस योजनाअन्तर्गत सेवाग्राहीले पाउने ब्याजदर बाहेक जम्मा हुने कुल निक्षेपको वार्षिक ०.५ प्रतिशतका दरले हुन आउने रकम बैंकले प्रत्यक्ष रूपमा कार्बन उत्सर्जन न्यूनीकरण र नियन्त्रणमा खर्च गर्नेछ। बैंककाअनुसार उक्त रकम कार्बन उत्सर्जन न्यूनीकरण र नियन्त्रणका लागि वन पुनःस्थापना तथा वृक्षारोपण, नवीकरणीय ऊर्जा प्रवर्द्धन, फोहोर व्यवस्थापनका लागि पहल, स्वच्छ ऊर्जा तथा सफा पानीसम्बन्धी परियोजना तथा दिगो विकासका लक्ष्य अनुकूल लगायतका कार्यक्रमहरूमा खर्च गरिनेछ।

**Government of Sudur Pashchim Province**
**Ministry of Social Development**
## Province Health Logistic Management Center
**Dhangadhi, Kailali Nepal**

## Invitation for Electronic Bid

**First Date of publication: 2081/10/07 (Jan 20, 2025)**
**Second Date of Publication: 2081/12/26 (April 08, 2025)**
**Invitation for Bids No: PHLMCSP/G/NCB-09/081-082(RE)**

1. The Province Health Logistic Management Center Dhangadhi-01, Kailali invites electronic bids: under National competitive bidding– Single Stage Single Envelope procedures as:

| IFB no:- | Description of Goods: | Bid Sec urity | Bid Security Validity |
|---|---|---|---|
| PHLMCSP/G/NCB-09/080-081 (RE) | Procurement Supply & Delivery of IMNCI Program Medicines. | NRs 95,000/- (Rupees Ninety Five Thousand only) | 2082/05/05 (August 21, 2025) or 120 days beyond the day of bid opening. |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at PPMO eGP system www.bolpatra.gov.np/egp.

**Acting Director**

## बराहक्षेत्र नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**चक्रघट्टी, सुनसरी**

## प्रथम पटक प्रकाशित सिलबन्दी बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८१/१२/२६ गते)**

सामाजिक विकास मन्त्रालयको चालु आ. व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार जगन्नाथ डेडराज जनता माध्यमिक विद्यालय बराहक्षेत्र ५, सुनसरीको विद्यालय भवन मर्मत सम्भार, रंगरोगन तथा स्कूल मैदान स्तरोन्नती गर्ने कार्य सिलबन्दी बोलपत्रद्वारा गराउनु पर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। यो सूचना सम्बन्धी शर्त तथा विस्तृत विवरण PPMO को Website: www.bolpatra.gov.np/egp वा कार्यालयको Website: www.barahamun.gov.np मा गएर हेर्न सकिनेछ।

**निम्न**

| ठेक्का नं. | योजनाको नाम | ल.ई. रकम (भ्याट, कन्टिन्जेन्सी र PS बाहेक) | धरौटी रकम रु. | फारम दस्तुर |
|---|---|---|---|---|
| JDJM/NCB/1/2081/82 | जगन्नाथ डेडराज जनता माध्यमिक विद्यालय बराहक्षेत्र ५, सुनसरीको विद्यालय भवन मर्मत, सम्भार, रंगरोगन तथा स्कूल मैदान स्तरोन्नती गर्ने कार्य | ९३,३०,४४२।९८ | २,६४,०००।०० | ३,०००।- |

फाराम पेश गर्ने अन्तिम मिति :- २०८२/०१/२५ गते १२:०० भित्र।
बोलपत्र खुल्ने मिति र समय :- २०८२/०१/२५ गते दिनको १:०० ।

## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

**(प्रकाशित मितिः २०८१/१२/२६ को मध्यान्ह राष्ट्रिय दैनिक)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ। कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, ब्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरण**

**१. ऋणीको नामः एस. जि. सि. इन्भेष्टमेन्ट प्रा. लि.** **कर्जा शिर्षकः** सवारी साधन कर्जा
(नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको), दर्ता नं.: २६८७२१/०७८/०७९, दर्ता मितिः २०७८/०५/०२, स्थायी लेखा नं.: ६१००६३८७३, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ४।

**सञ्चालक तथा व्यक्तिगत जमानतकर्ताहरूः**
**क. एस्मोन श्रेष्ठः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १२-०१-७२-०६१४१ (२०७२/१०/२८/काठमाडौं), बाजेको नामः नुच्चेलाल श्रेष्ठ, बाबुको नामः बाबुलाल श्रेष्ठ, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. १५।
**ख. समित खड्काः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३-१६०१६ (२०६०/०९/३०/काठमाडौं), बाजेको नामः गम्भिर खड्का, बाबुको नामः नन्दलाल खड्का, ठेगानाः काठमाडौं जिल्ला, का.म.न.पा., वडा नं. ४।

**धितो लेखिदिएको सवारीसाधनको विवरणः**
धनी एनएमबि बैंक लि./ ऋणी **एस. जि. सि. इन्भेष्टमेन्ट प्रा. लि.** को नाममा बागमती प्रदेश यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः
**सवारीसाधनको विवरणः**
कम्पनीः FCA INDIA AUTOMOBILE, मोडलः JEEP NEW COMPASS MODEL S (०१), सवारी दर्ता नं.: बागमती प्रदेश ०१ ०२६ च ३०३०, बनेको सालः २०२१, च्यासिस नं.: MCANJREY७MFA७७५६७*७M, इन्जिन नं.: ४१२१०७०

**२. ऋणीको नामः कुमारी चम्लागाई** **कर्जा शिर्षकः** आवधिक कर्जा
ना.प्र.प.नं. (जारी मिति/स्थान): ०५३०१७/व.७९१ (२०६३/११/०८/मोरङ्ग), बाबुको नामः पदम बहादुर थापा, ससुराको नामः ओम व. चम्लागाई, पतिको नामः पिताम्बर चम्लागाई, ठेगानाः मोरङ्ग जिल्ला, टाँडी गा.वि.स., वडा नं. १ परिवर्तित मोरङ्ग जिल्ला, मिक्लाजुङ गा.पा., वडा नं. २।
**व्यक्तिगत जमानतकर्ताः**
**पिताम्बर चम्लागाईः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ५९९४ (२०५८/१२/१८/मोरङ्ग), बाजेको नामः सनपाल चम्लागाई, बाबुको नामः ओम व. चम्लागाई, ठेगानाः मोरङ्ग जिल्ला, टाँडी गा.वि.स., वडा नं. १ परिवर्तित मोरङ्ग जिल्ला, मिक्लाजुङ गा.पा., वडा नं. २।
**धितो लेखिदिएको सम्पत्तिको विवरणः**
सनपाल चम्लागाईको नाती, ओम व. चम्लागाईको छोरा, मोरङ्ग जिल्ला, टाँडी गा.वि.स., वडा नं. १ परिवर्तित मोरङ्ग जिल्ला, मिक्लाजुङ गा.पा., वडा नं. २ बस्ने **पिताम्बर चम्लागाई**को नाममा मालपोत कार्यालय बेलबारी, मोरङ्गको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, टाँडी गा.वि.स./न.पा., वडा नं. ५/ङ स्थित कि.नं. ३०८ को क्षेत्रफल ५-०-०-० रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**३. ऋणीको नामः शम्भु गैरे** **कर्जा शिर्षकः** सम्पत्ती धितो कर्जा
ना.प्र.प.नं. (जारी मिति/स्थान): ३९३०४९/२६ (२०६३/११/०६/पाल्पा), बाजेको नामः सिंह विर सार्की, बाबुको नामः राज कुमार सार्की, ठेगानाः पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ८।
**व्यक्तिगत जमानतकर्ताहरुः**
**क. राज कुमार सार्कीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ६२५ (२०४५/०९/१९/पाल्पा), बाजेको नामः जरसिं, बाबुको नामः सिंह विर सार्की, ठेगानाः पाल्पा जिल्ला, खस्यौली गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भइ हाल पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ८।
**ख. श्रीमती मानकुमारी सार्कीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३२०१ (२०४६/११/२३/पाल्पा), बाबुको नामः इमानसिं सार्की, ससुराको नामः सिंह विर सार्की, पतिको नामः राज कुमार सार्की, ठेगानाः पाल्पा जिल्ला, तेल्घा गा.वि.स. वडा नं. १ स्थायी ठेगाना भइ हाल पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ८।
**ग. विर बहादुर नेपालीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ८३४२३ (२०५७/०८/०७/पाल्पा), बाजेको नामः सिंह विर सार्की, बाबुको नामः राज कुमार सार्की, ठेगानाः पाल्पा जिल्ला, मदनपोखरा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भइ हाल पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ८।
**धितो लेखिदिएको सम्पत्तिको विवरणः**
जरसिंको नाती, सिंह विर सार्कीको छोरा, पाल्पा जिल्ला, खस्यौली गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भइ हाल पाल्पा जिल्ला, तानसेन न.पा. वडा नं. ८ बस्ने **राज कुमार सार्की**को नाममा मालपोत कार्यालय पाल्पाको लगतमा दर्ता श्रेष्ता कायम रहेको पाल्पा जिल्ला, मदनपोखरा गा.वि.स./न.पा. वडा नं. ५ स्थित कि.नं. ४३३, ४८५ र ४८७ को क्षेत्रफल क्रमशः ५-०-०-०, ०-२-२-० र २-१४-०-० रोपनीको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

**४. ऋणीको नामः केशव अहिर** **कर्जा शिर्षकः** व्यक्तिगत ओभरड्राफ्ट
ना.प्र.प.नं. (जारी मिति/स्थान): १७६० (२०५७/०६/०४/रूपन्देही), बाजेको नामः वृजलाल अहिर, बाबुको नामः द्वारीका अहिर, ठेगानाः रूपन्देही जिल्ला, करौता गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, सिद्धार्थनगर न.पा., वडा नं. १३।
**व्यक्तिगत जमानतकर्ताहरूः**
**क. अमरावती अहिरः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३७-०१-६९-०७०४२ (२०६९/१२/२८/रूपन्देही), बाबुको नामः रामा अहिर, ससुराको नामः द्वारीका अहिर, पतिको नामः केशव अहिर, ठेगानाः रूपन्देही जिल्ला, वसन्तपुर गा.वि.स., वडा नं. ९ परिवर्तित रूपन्देही जिल्ला, ओमसतिया गा.पा., वडा नं. ४।
**ख. द्वारीका अहिरः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ७५७६५ (२०४२/०६/१६/रूपन्देही), बाजेको नामः घुरे अहिर, बाबुको नामः वृजलाल अहिर, ठेगानाः रूपन्देही जिल्ला, वनगाई गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, ओमसतिया गा.पा., वडा नं. ४।
**ग. सोहवाती अहिरः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३७-०१-७१-०३३९५ (२०७१/०४/०७/रूपन्देही), बाबुको नामः सुन्दर अहिर, ससुराको नामः वृजलाल अहिर, पतिको नामः द्वारीका अहिर, ठेगानाः रूपन्देही जिल्ला, वसन्तपुर गा.वि.स., वडा नं. ९ परिवर्तित रूपन्देही जिल्ला, ओमसतिया गा.पा., वडा नं. ४।
**घ. दयानन्द यादवः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३७-०१-७८-१२५११ (२०७८/०९/१३/रूपन्देही), बाजेको नामः द्वारीका अहिर, बाबुको नामः केशव अहिर, ठेगानाः रूपन्देही जिल्ला, ओमसतिया गा.पा., वडा नं. ४।
**ङ. रविरमण यादवः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३७-०१-७८-१२५०२ (२०७८/०९/१३/रूपन्देही), बाजेको नामः द्वारीका अहिर, बाबुको नामः केशव अहिर, ठेगानाः रूपन्देही जिल्ला, ओमसतिया गा.पा., वडा नं. ४।
**धितो लेखिदिएको सम्पत्तिको विवरणः**
घुरे अहिरको नाति, वृजलाल अहिरको छोरा, रूपन्देही जिल्ला, वनगाई गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, ओमसतिया गा.पा., वडा नं. ४ बस्ने **द्वारीका अहिर**को नाममा मालपोत कार्यालय भैरहवा, रूपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रूपन्देही जिल्ला, वसन्तपुर गा.वि.स./न.पा., वडा नं. ७ स्थित कि.नं. १३४३ को क्षेत्रफल ०-७-०-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेलः **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रकः** एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**